# सुदूरपश्चिम विश्वविद्यालय
# दुई बर्षे एम.एड. कार्यक्रम
# नेपाली शिक्षा विशिष्टीकरण

# सुदूरपश्चिम विश्वविद्यालय
## दुई बर्षे एम.एड. कार्यक्रम
## नेपाली शिक्षा विशिष्टीकरण

| सिमेस्टर : प्रथम | | क्रेडिट आवर |
|---|---|---|
| Nep.Ed.511 | भाषा विज्ञानको सैद्धान्तिक पक्ष | ३ |
| Nep.Ed.512 | नेपाली आख्यान | ३ |
| Nep.Ed.513 | नेपाली कविता र काव्य | ३ |
| **सिमेस्टर : दोस्रो** | | |
| Nep.Ed.521 | सामाजिक र मनोभाषा विज्ञान | ३ |
| Nep.Ed.522 | नेपाली नाटक र निबन्ध | ३ |
| Nep.Ed.523 | शिक्षाशास्त्रीय भाषा विज्ञान | ३ |
| Nep.Ed.524 | प्रायोगिक भाषा विज्ञान | ३ |
| Nep.Ed.525 | पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्त | ३ |
| **सिमेस्टरः तेस्रो** | | |
| Nep.Ed.531 | भाषिक मूल्याङ्कन | ३ |
| Nep.Ed.532 | नेपाली भाषा र साहित्य शिक्षण | ३ |
| Nep.Ed.533 | दोस्रो भाषाका रूपमा नेपाली शिक्षण | ३ |
| Nep.Ed.534 | भाषिक अनुसन्धान विधि | ३ |
| Nep.Ed.535 | मनोभाषा विज्ञान | ३ |
| **सिमेस्टरः चौथो** | | |
| Nep.Ed.541 | सङ्कथनको सैद्धान्तिक अवधारणा र विश्लेषण | ३ |
| Nep.Ed.542 | भाषा विज्ञानका प्रमुख सिद्धान्त | ३ |
| Nep.Ed.543 | अभ्यास शिक्षण | ३ |
| Nep.Ed.544 | थेसिस लेखन | ६ |

# सुदूरपश्चिम विश्वविद्यालय
## दुई बर्षे एम.एड. कार्यक्रम
## नेपाली शिक्षा विशिष्टीकरण

पा.सं. : **Nep.Ed.511** सिमेस्टर : प्रथम

पाठ्यांश : **भाषा विज्ञानको सैद्धान्तिक पक्ष** पाठघण्टा : ३

### पाठ्यांश परिचय

यो पाठ्यांश स्नातक तह उत्तीर्ण गरेर एम.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यसबाट उनीहरुलाई ध्वनि विज्ञान, वर्ण विज्ञान, रूप विज्ञान, वाक्य विज्ञान र प्रकरणार्थ विज्ञानका प्रमुख अवधारणाहरुको सविस्तार जानकारी हुने अपेक्षा राखिएको छ ।

### उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित कुरामा सक्षम हुने छन् :

क) भाषाका विशेषता र भाषा विज्ञानको परिचय दिन

ख) ध्वनि विज्ञान र यसका शाखाहरुको वर्णन गर्न

ग) ध्वनि उत्पादन प्रक्रिया र ध्वनिहरुको वर्णन गर्न

घ) वर्ण सिद्धान्तका आधारमा वर्णहरुको निर्धारण प्रक्रिया बताउन र नेपाली वर्णहरुको पहिचान गर्न

ङ) रूप विश्लेषण प्रक्रियाको चर्चा गर्न

च) रूपायन, व्युत्पादन र सन्धि प्रक्रियाको चर्चा गर्न

छ) वाक्यका घटक, कोटि, कार्य, संरचना र यिनको रूपान्तरणको सविस्तार वर्णन गर्न

ज) अर्थका प्रकार र अर्थ विश्लेषणका प्रमुख प्रक्रिया र पद्धतिको चर्चा गर्न

झ) प्रकरणार्थ विज्ञानको परिचय दिन ।

### विशिष्ट उद्देश्य तथा पाठ्य विषय

| **विशिष्ट उद्देश्य** | **पाठ्य विषय** |
|---|---|
| १.भाषाको परिचय दिई सञ्चार प्रक्रियामा यसकोभूमिका स्पष्ट गर्न<br>२. भाषाका विशेषता बताउन<br>३.भाषा र भाषा विज्ञानका विचको भिन्नता पहिल्याउन<br>४. भाषा विज्ञानका प्रमुख मान्यताको जानकारी दिन | **एकाइ १ : भाषा र भाषा विज्ञान** **पा.घं.:४**<br>१. भाषा र सञ्चार प्रक्रिया<br>२. भाषाका विशेषता<br>३. भाषा विज्ञानका प्रमुख मान्यता<br>४. भाषा विज्ञानको क्षेत्र<br>५. भाषा विज्ञानका केन्द्रीय र परिधीय शाखाहरुको परिचय |

| | |
|---|---|
| ५. भाषा विज्ञानको क्षेत्र पहिचान गर्न<br>६.भाषा विज्ञानका केन्द्रीय र परिधीय शाखाहरुको परिचय दिन | |
| १.ध्वनिविज्ञान र त्यसका शाखाहरुको परिचय दिन<br>२.ध्वनि अवयव र तिनका कार्यहरुको वर्णन गर्न<br>३.खण्डीय र खण्डेतर ध्वनिहरुको परिचय दिन र तिनको उच्चारण प्रक्रिया बताउन<br>४. ध्वन्यात्मक आलेखन र अन्तरराष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको पहिचान गर्न | **एकाइ २ : ध्वनि विज्ञान पा.घं.:७**<br>१. ध्वनि विज्ञानका शाखा : औच्चारिक, साञ्चारिक र श्रावणिक<br>२. ध्वनि अवयव र तिनका कार्य<br>३. खण्डीय र खण्डेतर ध्वनिहरु र तिनको उच्चारण प्रक्रिया<br>४. ध्वन्यात्मक आलेखन र अन्तरराष्ट्रिय ध्वनितात्त्विक वर्णमाला |
| १.वर्ण विज्ञानको परिचय दिई वर्ण विश्लेषण सिद्धान्तका व्यतिरेक,परिपूरक वितरण र मुक्त परिवर्तनको वर्णन गर्न<br>२. वर्ण विश्लेषण प्रक्रियाको जानकारी दिन र न्यूनतम युग्म, वर्ण र संवर्ण छुट्याउन<br>३. नेपाली वर्णहरुको पहिचान, वर्गीकरण र वर्णन गर्न<br>४.अक्षर सिद्धान्त र अक्षरका प्रकारको वर्णन र अक्षरीकरण गर्न | **एकाइ ३ : वर्ण विज्ञान पा.घ.:७**<br>१. वर्ण सिद्धान्त : व्यतिरेक, परिपूरक वितरण र मुक्त परिवर्तन<br>२. वर्ण विश्लेषण प्रक्रिया : न्यूनतम युग्म, वर्ण र संवर्ण :<br>३. नेपाली वर्णहरुको पहिचान, वर्गीकरण वर्णन<br>४. अक्षर सिद्धान्त, अक्षरका प्रकार र अक्षरीकरण |
| १. रूप विज्ञानको परिचय दिई रूप र संरूप छुट्याउन<br>२.रूप विश्लेषण प्रक्रिया र पद्धतिहरुको वर्णन गर्न<br>३.रूपायन प्रक्रिया, रूपायन कोटि र रूप सरणिको वर्णन गर्न<br>५. व्युत्पादन प्रक्रियाको वर्णन गर्न<br>६. नियमित र अनियमित व्युत्पादनमा भिन्नता देखाउन<br>७. समास, द्वित्व र अन्य व्युत्पादन प्रक्रियाको जानकारी दिन<br>८.सन्धि विज्ञानको परिचय दिन र सन्धि प्रक्रियाको वर्णन गर्न<br>९.आन्तरिक र बाह्य सन्धिमा फरक देखाउन | **एकाइ ४ रूप विज्ञान पा.घं.:७**<br>१ रूप विज्ञानको परिचय.<br>२. रूप र संरूप<br>३. रूप विश्लेषण प्रक्रिया र पद्धतिहरु<br>४. रूपायन प्रक्रिया, रूपायन कोटि र रूप सरणि<br>५. व्युत्पादन प्रक्रिया : पूर्वसर्ग, मध्यसर्ग र परसर्ग<br>६. नियमित र अनियमित व्युत्पादन<br>७. समास, द्वित्व र अन्य व्युत्पादन प्रक्रिया<br>८. सन्धि विज्ञान<br>क) सन्धि प्रक्रिया र सन्धि नियम<br>ख) आन्तरिक र बाह्य सन्धि |
| १. पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथनको परिचय दिन<br>२. व्याकरणात्मक कोटि (लिङ्ग, वचन, पुरुष, आदर, विभक्तिनियम, काल, पक्ष, भाव, ध्रुवीयता, वाच्य र प्रेरणार्थक) पहिचान र प्रयोग गर्न | **एकाइ ५ : वाक्य विज्ञान पा.घं.:८**<br>१. पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथन<br>२. व्याकरणात्मक कोटि : लिङ्ग, वचन, पुरुष, आदर, विभक्तिनियम, काल, पक्ष, भाव, ध्रुवीयता, वाच्य, प्रेरणार्थक<br>३. पदावली र यिनको संरचना : शीर्ष र विशेषक<br>४. पदक्रमका आधारमा ससांरका भाषा |

| | |
|---|---|
| ३. पदावली र यिनको संरचना (शीर्ष र विशेषक)का बारेमा जानकारी दिन<br>४. पदक्रमका आधारमा ससांरका भाषाको पहिचान गर्न<br>५. आन्तरिक र बाह्य संरचनाको परिचय दिन र दुबैका बिच भिन्नता देखाउन<br>६. आधारभूत र रूपान्तरित वाक्य पहिचान गरी दुबै बिच भिन्नता देखाउन<br>७. वाक्य संयोजन र वाक्य मिश्रणको वर्णन गर्न | ५. आन्तरिक र बाह्य संरचना<br>६. आधारभूत र रूपान्तरित वाक्य<br>७. वाक्य संयोजन र वाक्य मिश्रण |
| १. सङ्केत सिद्धान्तको वर्णन गर्न<br>२. शब्द तहका आर्थी सम्बन्धहरु पहिल्याउन<br>३. वाक्यात्मक आर्थी सम्बन्धहरुको वर्णन गर्न<br>४. सन्निधान सिद्धान्तको परिचय दिन<br>५. अर्थ निर्माणमा घटकात्मक विश्लेषणको भूमिका स्पष्ट गर्न<br>६. कारक व्याकरणको आर्थी भूमिका पहिचान गर्न | **एकाइ ६ : अर्थ विज्ञान**<br>१. सङ्केत सिद्धान्त :<br>क) सङ्केतक र सङ्केतित<br>ख) सङ्केत त्रिकोण<br>२. आर्थी सम्बन्धहरु<br>क) समानार्थता : पूर्ण समानार्थता र आंशिक समानार्थता<br>ख) असमावेशार्थकता/असमानार्थता : श्रेणीबद्ध, परिपूरक र विरुद्धार्थक विपरीतार्थता,<br>ग) समावेशार्थकता : समावेशक र समावेश्य<br>घ) अनेकार्थता<br>ङ) समध्वनिकता र समलिपिकता<br>३. वाक्यात्मक आर्थी सम्बन्ध<br>क) प्रकारान्तर सम्बन्ध<br>ख) विरुद्धता<br>ग) निहितार्थता<br>घ) सन्दिग्धता<br>ङ) पुनरुक्ति<br>च) असङ्गति<br>४. सन्निधान सिद्धान्त<br>५. घटकात्मक विश्लेषण<br>६. कारक व्याकरण र आर्थी भूमिका |
| | **एकाइ ७ : प्रकरणार्थ विज्ञान**<br>१. निर्देशन तथा सन्दर्भन<br>२. पूर्वधारणा<br>३. वाक्क्रिया र यसका प्रकार<br>४. संवादात्मक सिद्धान्त<br>५. सहयोगात्मक सिद्धान्त |

**शिक्षण प्रक्रिया**

यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिने छ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरुको उपयोगमा र विद्यार्थीहरुको सहभागितामा जोड दिइने छ । भाषा विज्ञानका विविध पक्षको सविस्तृत जानकारी यसमा अपेक्षित भएकाले सो अनुरूपका पाठ्य सामग्री र पाठपत्रहरुको पठन र छलफलमा विशेष ध्यान दिनु पर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका उपाय**

१. परियोजना कार्य

२. समस्या समाधान

३. कक्षा प्रस्तुति

४. आन्तरिक र बाह्य परीषा

५. कक्षा कार्य र सहभागिता

**प्रमुख पुस्तक**

गौतम, देवी प्रसाद, चौलागाईं, प्रेम प्रसाद(२०६७), **भाषा विज्ञान** काठमाडौँ : पाठ्य सामग्री पसल

बन्धु, चूडामणि (२०५०), **भाषा विज्ञान** ललित पुर : साझा प्रकाशन

यादव, योगेन्द्र प्रसाद, रेग्मी भीम नारायण (२०५८) **भाषा विज्ञान** काठमाडौँ :न्यु हिरा बुक्स इन्टरप्राइजेज

**सहायक पुस्तक**

अधिकारी, हेमाङ्ग राज (२०५५), **समसामयिक नेपाली व्याकरण** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

खनाल, मोहन प्रसाद (२०६८), **नेपाली भाषाका हजार वर्ष** काठमाडौँ : राइनो पब्लिकेसन

गिरी, जीवेन्द्र देव (२०६३), **भाषा विज्ञान : भाषा र भाषिका** काठमाडौँ : एकता बुक्स

न्यौपाने, टङ्क प्रसाद (२०५१), **भाषा विज्ञानको रूपरेखा** धरान : नेपाल बुक डिपो

पोखरेल, माधव प्रसाद (२०६४(, **नेपाली ध्वनि विज्ञान र नेपालका भाषाहरुको ध्वनि परिचय** काठमाडौँ : : भुँडी पुराण प्रकाशन

सम्प्रेषण परिवार २०६३, सम्प्रेषण, अङ्क १-६ काठमाडौँ : त्रि. वि. नेपाली शिक्षा विभाग

शर्मा, मोहन राज (२०३६), **शब्द रचना र वर्ण विन्यास : भाषा वैज्ञानिक पद्धति** काठमाडौँ : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र

- Akmajian, Adrian; Demers, Richard; Farmer, Ann; Harnish, Robert (2010). *Linguistics: An Introduction to Language and Communication*. Cambridge, MA: The MIT Press.
- Isac, Daniela; Charles Reiss (2013). *I-language: An Introduction to Linguistics as Cognitive Science, 2nd edition*. Oxford University Press.

- Pinker, Steven (1994). *The Language Instinct*. William Morrow and Company.

- Crystal, David (1990). *Linguistics*. Penguin Book.
- Lyons, John(1971).*Introduction to Theoritical Linguistics.*Cambridge:CUP.
- Verma, S.K., Krishnaswamy, N.(1989).*Linguistics:AnIntroduction*.Delhi:Oxford University Press.

**सुदूरपश्चिम विश्वविद्यालय**
**दुई बर्षे एम.एड. कार्यक्रम**
**नेपाली शिक्षा विशिष्टीकरण**

पाठ्यांश शीर्षक : **नेपाली आख्यान**
पाठ्यांश सङ्ख्या : **Nep.Ed.512** पाठ्यांश प्रकृति : सैद्धान्तिक
तह : एम.एड. सेमेस्टर : पहिलो
जम्मा पाठघन्टी : ४५ प्रति पाठ्यघन्टी : १ घण्टा

**१ पाठ्यांश परिचय :**

यो पाठ्यांश शिक्षा शास्त्रमा नेपाली विषयमा बी.एड. वा सो सरह उत्तीर्ण गरेका एम.एड कार्यक्रम अन्तर्गत नेपाली शिक्षा विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यसवाट नेपाली आख्यान साहित्य सम्बन्धी ज्ञान र सुझको विकास हुने अपेक्षा राखिएको छ ।

**२. साधारण उद्देश्य :**

यस पाठ्यांशको अन्तमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. नेपाली कथा र उपन्यासको सैद्धान्तिक परिचय दिन
२. नेपाली कथा र उपन्यासको विकासक्रम, प्रमुख मोड, धारा र मुख्य प्रवृत्तिहरुको वर्णन गर्न
३. नेपाली कथा र उपन्यासको प्रवृत्तिगत विशेषताहरुका पअिचान गर्न ,
४. प्रतिनिधि नेपाली कथा र उपन्यासहरुको विविध कोणले विश्लेषण गर्न ।

**३. विशिष्ट उद्देश्य तथा पाठ्विषय**

| विशिष्ट उद्देश्य | पाठ्विषय |
|---|---|
| १. कथाको सैद्धान्तिक परिचय दिई विधागत स्वरूप पहिल्याउन,<br>२. कथाको वर्गीकरण गर्न<br>३. लामो कथा र लघुकथाको भिन्नता पहिल्याउन<br>४. कथाका आवश्यक तत्वहरुको वर्णन गर्न<br>५. कथाको अन्य विधासँगको सम्बन्ध देखाउन | **एकाइ एक : कथाको सैद्धान्तिक परिचय (पाठ्यघन्टी-५)**<br>१.१ कथाको पृष्ठभूमि (पूर्वीय तथा पाश्चात्य)<br>१.२ विधागत परिचय (स्वरूप र परिभाषा)<br>१.३ लामो कथा र लघुकथाको परिचय<br>१.४ कथाका तत्वहरु<br>१.५ कथाको अन्य विधा (उपन्यास, निबन्ध, जीवनी) सँग सम्बन्ध |
| १. नेपाली कथाको विकासक्रमको वर्णन गर्न<br>२. नेपाली कथाको कालगत प्रवृत्ति र उपलब्धि केलाउन,<br>३. आधुनिक नेपाली कथाको उत्तरवर्ती कथाको प्रयोग प्रवृत्ति र विशेषता बताउन<br>४. पूर्ववर्ती र उत्तरवर्ती कथाको प्राप्तिको मापन गर्न । | **एकाइ दुई : नेपाली कथाको विकासक्रम, प्रमुख मोड, धारागत प्रवृत्ति र उपलब्धि (पाठ्यघन्टी-५)**<br>२.१ प्राथमिककाल (प्रमुख प्रवृत्ति उपलब्धि र मूल्याङ्कन)<br>२.२ माध्यमिककाल (प्रमुख प्रवृति, उपलब्धि र मूल्याङकन)<br>२.३ आधुनिक काल :<br>२.३.१ प्रमुख धारा प्रवृति<br>२.३.२ उत्तरवर्ती प्रयोग र प्रवृत्ति (२०३६ पछि)<br>२.३.३ समसामयिक प्रयोग (२०६० यता)<br>२.३.४ पूर्ववर्ती र उत्तरवर्ती कथाको प्राप्ति (रचना प्रवृति, विषयवस्तु, भाषाशैली) |
| १. आधुनिक नेपाली प्रतिनिधि कथाकारको परिचय दिन,<br>२. कथाकारको प्रवृत्तिगत विशेषता पहिल्याउन | **एकाइ तिन : आधुनिक नेपाली कथाकार र तिनका प्रतिनिधि कथाहरुको अध्ययन (पाठ्यघन्टी-१२)**<br>३.१ निर्धारित कथाकारहरुको परिचय, प्रवृत्तिगत |

| | |
|---|---|
| ३. कथा तत्वका आधारमा निर्धारित कथाको विश्लेषण गर्न<br>४. निर्धारित कथाका विशिष्ट पङ्क्तिहरुको सप्रसङ्ग व्याख्या गर्न । | विशेषता र योगदान<br>३.२ कथा तत्त्वहरुका आधारमा निर्धारित कथाहरुको अध्ययन विश्लेषण<br>३.३ निर्धारित कथाका विशिष्ट पङ्क्तिहरुको सप्रसङ्ग व्याख्या<br>३.४ प्रतिनिधि कथाकार र तिनका कथा :<br>● गुरु प्रसाद मैनाली : परालको आगो<br>● विश्वेश्वर प्रसाद कोइराला : श्वेत भैरवी<br>● भवानी भिक्षु : मैयाँ साहेव<br>● गोविन्द ब. मल्ल गोठाले : मैले सरिताको हत्या गरेँ<br>● इन्द्र बहादुर राई : त्यसरी बाँचेको छ त्यसरी नै<br>● रमेश विकल : फुटपाथ मिनिस्टर्स<br>● माया ठकुरी : आमा जानुहोस्<br>● प्रेमा शाह : पहेँलो गुलाफ<br>● मनु ब्राजाकी : तिम्री स्वास्नी र म<br>● भाउ पन्थी : आर.के.का नामहीन गाउँ<br>● राम भरोस कपाडी भ्रमर : जुनेली रातको समय<br>● सुमन सौरभ : चौथो लिङ्गी (लघुकथा)<br>● विनय कसजु :शान्तिको चरा (लघुकथा) |
| १. उपन्यासको सैद्धान्तिक परिचय र परिभाषा दिन,<br>२. उपन्यासको विधागत स्वरूप पहिचान गर्न,<br>३. उपन्यासको वर्गीकरण गर्न,<br>४. उपन्यासका तत्वहरुको जानकारी दिन,<br>५. उपन्यासको अन्य विधासँगको सम्बन्ध बताउन, | **एकाइ चार : उपन्यासको सैद्धान्तिक परिचय ( पाठ्यघन्टी-५)**<br>४.१ उपन्यासको परिचय, परिभाषा र विधागत स्वरूप<br>४.२ उपन्यासको वर्गीकरण<br>४.३ उपन्यासका तत्वहरु<br>४.४ उपन्यासको अन्य विधा (कथा, नाटक, महाकाव्य) सँग सम्बन्ध |
| १. नेपाली उपन्यासको विकासक्रमको वर्णन गर्न,<br>२.नेपाली उपन्यासका कालगत प्रवृत्ति एवम् उपलब्धिहरुको जानकारी दिन<br>३.नेपाली उपन्यासका उत्तरवर्ती प्रयोग र प्रवृत्ति बताउन<br>४. नेपाली उपन्यासका समसामयिक प्रयोग र प्रवृत्ति औंल्याउन<br>५. पूर्ववर्ती तथा उत्तरवर्ती नेपाली उपन्यासरुको मूल्याङ्कन गर्न । | **एकाइ पाँच : नेपाली उपन्यासको विकासक्रम र प्रमुख मोड (पाठ्यघन्टी•५)**<br>५.१ प्राथमिक काल (प्रवृत्ति,उपलब्धि र मूल्याङ्कन)<br>५.२ माध्यमिक काल (प्रवृत्ति,उपलब्धि र मूल्याङ्कन)<br>५.३ आधुनिक काल<br>५.३.१ प्रमुख मोड र धारा तथा तिनका प्रवृत्ति<br>५.३.२ उत्तरवर्ती प्रयोग र प्रवृत्ति (२०३६ पछि)<br>५.३.३ समसामयिक प्रयोग र प्रवृत्ति<br>५.३.४ पूर्ववर्ती र उत्तरवर्ती औपन्यासिक प्रयोग र प्रवृत्तिहरुको मूल्याङकन |
| १. आधुनिक नेपाली प्रतिनिधि उपन्यासकारको परिचय दिन र तिनका प्रवृत्तिगत विशेषता पहिल्याउन, | **एकाइ छ :आधुनिक नेपाली प्रतिनिधि उपन्यासकार र तिनका प्रतिनिधि उपन्यासहरुको अध्ययन (पाठ्य घन्टी-१३)** |

| | |
|---|---|
| २. उपन्यास तत्वका आधारमा निर्धारित उपन्यासको विश्लेषण गर्न,<br>३. निर्धारित उपन्यासका विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न । | ६.१ लैनसिंह वाङ्देल : लङगडाको साथी<br>६.२ विश्वेश्वर प्रसाद कोइराला : तीन घुम्ती<br>६.३ इन्द्र ब.राई : आज रमिता छ<br>६.४ पारिजात : शिरीषको फूल<br>६.५ ध्रुव चन्द्र गौतम : सातौं ऋतु<br>६.६ सरुभक्त : समय त्रासदी |

**४. शिक्षण प्रक्रिया :**

प्रस्तुत पाठ्यांश सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा आवश्यकता अनुसार व्याख्यान, छलफल, प्रश्नोत्तर, खोज, समस्या समाधान, कक्षाकार्य, कक्षा प्रस्तुतीकरण, परियोजना कार्य, पुस्तकालय कार्य आदि विधि तथा प्रविधिको अवलम्बन गरिने छ । शिक्षणका क्रममा सान्दर्भिक दृष्टान्त तथा विद्यार्थी सहभागितामा विशेष जोड दिइने छ । विशेषतः कृतिहरुको शिक्षण गर्दा विषय वस्तु, परिवेश (समसामयिक सन्दर्भमा समेत), उद्देश्य, विचार पक्ष, प्रस्तुति र भाषा शैली जस्ता पक्षमा जोड दिई अन्य पक्षका हकमा शिक्षक/शिक्षिकाले सम्बद्ध पक्षको नमुना प्रदर्शन गरी तदनुरूप विद्यार्थीहरुलाई समूहगत वा व्यक्तिगत “रूपमा परियोजना, गृहकार्य वा पुस्तकालय कार्यमा सहभागी बनाई खोजमूलक प्रतिवेदन तयार गर्न लगाई कक्षा प्रस्तुति गराउनु अपेक्षित छ ।

**५. मूल्याङ्न प्रक्रिया**

१.परियोजना कार्य

२.कक्षा प्रस्तुति,

३.आन्तरिक तथा बाह्य परीक्षा

४.कक्षा कार्य तथा सहभागिता

**पाठ्यपुस्तक**


- कसजु, विनय(२०६९), *स्याललाई स्लिपिङ ब्याग,*काठमाडौंःविवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।
- कोइराला, विश्वेश्वर प्रसाद (२०५५), *तीन घुम्ती,* ललितपुर : साझा प्रकाशन ।
- ……….,……………….. (२०३९), *श्वेतभैरवी,* ललितपुरःसाझा प्रकाशन।
- गौतम, ध्रुवचन्द्र (२०६८), *सातौं ऋतु,* ललितपुर : साझा प्रकाशन ।
- ठकुरी, माया (२०६४), *आमा जानुहोस्,* काठमाडौं : रत्न पुस्तक भण्डार ।
- *नेपाली कथा भाग*-२, ललितपुरःसाझा प्रकाशन ।
- पन्थी, भाउ(२०५५),*अद्यापि* (कथा सङ्ग्रह),ललितपुरः साझाप्रकाशन ।
- पारिजात (२०६८), *शिरीषको फूल,* ललितपुर : साझा प्रकाशन ।
- पाठक, व्याकुल (२०६७), *प्रख्यात नेपाली कथा,* काठमाडौं रत्नपुस्तक भण्डार ।
- भण्डारी, पारस र अन्य (२०६६), *नेपाली गद्य र नाटक,* काठमाडौंः विद्यार्थी पुस्तक ।
- भिक्षु, भवानी(२०१७),*मैयाँ साहेब,* ललितपुरः साझा प्रकाशन ।
- मैनाली, गुरु प्रसाद(२०६०), *नासो,* ललितपुरः साझा प्रकाशन ।
- राई, इन्द्र बहादुर(२०२८),*कथास्थ*, ललितपुर साझा प्रकाशन .
- वाङ्देल, लैनसिंह (२००८), *लङ्गडाको साथी,* कलकत्ताः जसवीर तामाङ् ।
- पौडेल, राजेन्द्र प्रसाद (२०६८), *नेपाली कथाकारका प्रतिनिधि कथा,* काठमाडौंः हिमशिखर प्रकाशन ।


**सहायक सामग्री**


- आचार्य, सुषमा (२०५८), *लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन,* काठमाडौं पदम कुमार आचार्य ।

- उपाध्याय, केशव प्रसाद (२०३०), *साहित्य प्रकाश,* ललितपुर : साझा प्रकाशन ।
- कसजु,विनय कुमार (२०६५),*प्रतिनिधि नेपाली लघुकथाहरु* , काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
- पौडेल, परशुराम (२०६५), *कथाको रुपविन्यास, सिद्धान्त र विवेचना,* काठमाडौंः नवराज बजगाई ।
- पौडेल राजेन्द्र प्रसाद (२०६८), *केही सञ्चरण केही विचरण,* काठमाडौंः हिमशिखर प्रकाशन ।
- बराल, कृष्णहरि र नेत्र एटम (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*ललितपुरः साझा प्रकाशन ।
- राई इन्द्र बहादुर (२०५३), *नेपाली उपन्यासको सैद्धान्तिक,* ललितपुर : साझा प्रकाशन ।
- सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रकृति,* वनारस भूमिका प्रकाशन ।
- प्रधान, कृष्ण चन्द्र ( ),*नेपाली उपन्यास र उपन्यासकार,* ललितपुरः साझा प्रकाशन ।
- लामिछाने, यादव प्रकाश ( ),*आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुदूरपश्चिम विश्वविद्यालय
स्नातकोत्तर शिक्षा (एम.एड.)
नेपाली शिक्षा विशिष्टीकरण

पाठ्यांश शीर्षक : नेपाली कविता र काव्य | पाठ्यांश प्रकृति : सैद्धान्तिक

पाठ्यांश सङ्ख्या : **Nep.Ed.513** | क्रेडिट आवर : ३

तह : स्नातकोत्तर शिक्षा (एम.एड.) | जम्मा पाठघन्टी : ४५

सिमेस्टर : पहिलो | प्रतिपाठ घन्टी समय : १ घण्टा

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्रमा चार बर्से स्नातक, तिन बर्से स्नातक, एक बर्से स्नातक वा सो सरहको तह उत्तीर्ण गरी स्नातकोत्तर शिक्षा (एम.एड.) कार्यक्रम अन्तर्गत मुख्य विषय 'नेपाली शिक्षा' मा विशिष्टीकरण गर्न चाहने विदयार्थीहरुका लागि तयार पारिएको हो । यस पाठ्यांशमा कविता काव्य सिद्धान्तका साथै नेपाली कविता र काव्यको विकास प्रक्रिया तथा प्रतिनिधिपरक ढङ्गले कवि, काव्यकारका प्रवृत्ति तथा कविता, खण्डकाव्य, लामो कविता र महाकाव्यको पठन, आस्वादन, समीक्षण र विशिष्ट पङ्क्तिहरुको प्रासङ्गिक व्याख्या गर्न सक्ने क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ । यसका साथै विदयार्थीहरुमा परोक्ष रूपमा उच्च स्तरीय कक्षामा कविता काव्य सम्बन्धी विधा पठन पाठनका संज्ञानात्मक सुझको समेत विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विदयार्थीहरु निम्न लिखित साधारण उद्देश्यहरु हासिल गर्न सक्षम हुने छन् :

- विधागत दृष्टिले कविताको परिभाषा, रूप, प्रकार र तत्त्वहरुको सैद्धान्तिक परिचय सहित नेपाली कविताको ऐतिहासिक विकास प्रक्रिया र प्रमुख प्रवृत्तिहरुको क्रमबद्ध रेखाङ्कन गर्न
- निर्धारित प्रतिनिधि कविका काव्य प्रवृत्तिहरु पहिल्याई तिनका कविता कृतिहरुको अध्ययन, आस्वादन, तत्त्वगत विवेचना र विशिष्ट पङ्क्तिहरुको ससन्दर्भ व्याख्या गर्न
- पूर्वीय मान्यतामा खण्डकाव्य तथा पाश्चात्य मान्यतामा लामो कविताको स्वरूप, प्रकार र तत्त्वहरुको सैद्धान्तिक परिचय दिई नेपाली खण्डकाव्य र लामो कविताको विकास प्रक्रिया र प्रवृत्तिहरुको वर्णन गर्न
- सिद्धि चरण श्रेष्ठ र बालकृष्ण समका प्रमुख खण्डकाव्य प्रवृत्ति औंल्याई स्वरूप, शैली, भाव, परिवेश, छन्द, भाषा र कथ्यका आधारमा 'आगो र पानी' तथा 'उवर्शी' खण्डकाव्यको कृति विवेचना र विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न
- पूर्वीय र पाश्चात्य मान्यतामा महाकाव्यको स्वरूप र तत्त्व पहिल्याई नेपाली महाकाव्यको विकास प्रक्रिया र प्रवृत्ति तथा लक्ष्मी प्रसाद देवकोटाका महाकाव्यीय प्रवृत्तिको विश्लेषण गर्न र विभिन्न कोणबाट 'शाकुन्तल' महाकाव्यको विवेचना गरी प्रथम र द्वितीय सर्गका विशिष्ट पङ्क्तिहरुको सप्रसङ्ग व्याख्या गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषय वस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
| --- | --- |
| ▪ कविताको परिभाषा, रूप, प्रकार र तत्त्वहरुको सैद्धान्तिक परिचय दिन<br>▪ नेपाली कविताको पृष्ठभूमि, विकास प्रक्रिया र | **एकाइ एक : कविता सिद्धान्त र नेपाली कविताको विकास प्रक्रिया**(६ घन्टी)<br>१.१ कविताको सैद्धान्तिक स्वरूप : परिभाषा, रूप, प्रकार र तत्त्व<br>१.२ नेपाली कविताको विकास प्रक्रिया र प्रमुख |

| | |
|---|---|
| प्रवृत्तिहरुको आकलन गर्न । | प्रवृत्तिहरु : पृष्ठभूमि, प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल |
| ▪ लेखनाथका कविता प्रवृत्ति केलाई विभिन्न कोणबाट 'वयोवृद्ध कोइलीको बिलौना' कविताको समीक्षण र विशिष्ट पङ्क्ति व्याख्या गर्न<br>▪ समका कविता प्रवृत्ति औंल्याई 'मेरो नुहाउने कोठा' कविताको तत्त्वगत विश्लेषण र विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न<br>▪ देवकोटाका कविता प्रवृत्तिहरुको चिरफार गरी 'गरिब' कविताको विश्लेषण गर्न र विशिष्ट पङ्क्तिहरुको सान्दर्भिक व्याख्या गर्न<br>▪ माधव घिमिरेका काव्य प्रवृत्तिहरुको रेखाङ्कन सहित 'काली गण्डकी' कविताको विवेचना गर्न र विशिष्ट पङ्क्तिहरुको सन्दर्भयुक्त मर्म स्पष्ट पार्न<br>▪ भूपी शेरचनका काव्य प्रवृत्तिहरु उल्लेख गरी 'हामी' कविताको समीक्षण र विशिष्ट पङ्क्ति व्याख्या गर्न<br>▪ मोहन कोइरालाका कविता प्रवृत्तिहरुको विवेचना गरी 'सारङ्गी' कविताको विवेचना र विशिष्ट पङ्क्ति व्याख्या गर्न<br>▪ बैरागी काइँलाका काव्य प्रवृत्ति सहित 'पर्वत' कविताको विभिन्न कोणबाट समीक्षण र विशिष्ट पङ्क्ति व्याख्या गर्न<br>▪ प्रवृत्तिगत आधारमा कवयित्री पारिजातको चिनारी सहित 'जीवन एक बेवारिस मृत्युको मुचुल्का' कविताको विभिन्न कोणबाट समीक्षा गर्न र विशिष्ट पङ्क्तिहरुको सप्रसङ्ग व्याख्या गर्न<br>▪ श्रवण मुकारुङका काव्य प्रवृत्तिहरुको आकलन गरी 'ईश्वर घिसिएको गोहो' कविताको कृति विवेचना र विशिष्ट पङ्क्तिहरुको सन्दर्भपरक व्याख्या गर्न । | **एकाइ दुई : प्रतिनिधि कवि र तिनकाकविता कृतिको अध्ययन**(१८ घन्टी)<br>२.१ लेखनाथ पौडयाल : वयोवृद्ध कोइलीको बिलौना<br>२.२ बालकृष्ण सम : मेरो नुहाउने कोठा<br>२.३ लक्ष्मी प्रसाद देवकोटा : गरिब<br>२.४ माधव प्रसाद घिमिरे : काली गण्डकी<br>२.५ भूपी शेरचन : हामी<br>२.६ मोहन कोइराला : सारङ्गी<br>२.७ वैरागी काइँला : पर्वत<br>२.८ पारिजात : जीवन एक बेवारिस मृत्युको मुचुल्का<br>२.९ श्रवण मुकारुङ :ईश्वर घिसिएको गोहो |
| ▪ पूर्वीय मान्यता अनुसार खण्डकाव्यको स्वरूप, प्रकार र तत्वहरुको सैद्धान्तिक विवेचना गर्न<br>▪ पाश्चात्य मान्यता अनुसार लामो कविताको सैद्धान्तिक स्वरूप निर्धारण गर्न<br>▪ नेपाली खण्डकाव्यको पृष्ठभूमि र विकास प्रक्रियाको चिरफार गर्न<br>▪ नेपाली लामो कविताको पृष्ठभूमि र विकास प्रक्रियाको विश्लेषण गर्न | **एकाइ तिन : खण्डकाव्य र लामो कविता तथा नेपाली खण्डकाव्य र लामो कविताको विकास**(५ घन्टी)<br>३.१ पूर्वीय मान्यतामा खण्डकाव्यको स्वरूप, प्रकार र तत्त्व<br>३.२ पाश्चात्य मान्यतामा लामो कविताको स्वरूप<br>३.२ नेपाली खण्डकाव्यको पृष्ठभूमि र विकास प्रक्रिया<br>३.३ नेपाली लामो कविताको पृष्ठभूमि र विकास प्रक्रिया |
| | **एकाइ चार : प्रतिनिधि खण्डकाव्यकार र तिनका** |

| | |
|---|---|
| ▪ बालकृष्ण समका खण्डकाव्यगत प्रवृत्तिहरुको चिरफार गरी विभिन्न कोणबाट 'आगो र पानी' खण्डकाव्यको विवेचना गर्न र विशिष्ट पङ्क्तिहरुको सप्रसङ्ग व्याख्या गर्न<br>▪ सिद्धि चरण श्रेष्ठका खण्डकाव्य प्रवृत्ति औँल्याई 'उवर्शी' खण्डकाव्यको विभिन्न कोणबाट कृति विश्लेषण गर्न र विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न । | **काव्यकृतिको अध्ययन**(६ घन्टी)<br>४.१ बालकृष्ण सम : आगो र पानी<br>४.२ सिद्धि चरण श्रेष्ठ : उर्वशी |
| ▪ पूर्वीय र पाश्चात्य मान्यतामा महाकाव्यको परिचय र स्वरूप निर्धारण गर्न<br>▪ महाकाव्यका प्रमुख तत्त्व र प्रकारहरुको वर्णन गर्न<br>▪ नेपाली महाकाव्यको विकास प्रक्रियाको रूपरेखा बताउन<br>▪ महाकवि लक्ष्मी प्रसाद देवकोटाका महाकाव्यगत प्रवृत्तिहरु खुट्याउन<br>▪ विभिन्न कोणबाट 'शाकुन्तल' महाकाव्यको अध्ययन र विवेचना गर्न<br>▪ 'शाकुन्तल' महाकाव्यका प्रथम र द्वितीय सर्गका विशिष्ट पङ्क्तिहरुको प्रसङ्गपरक व्याख्या गर्न । | **एकाइ पाँच : महाकाव्य सिद्धान्त, महाकवि देवकोटा र 'शाकुन्तल' महाकाव्यको अध्ययन**(१० घन्टी)<br>५.१ पूर्वीय र पाश्चात्य मान्यतामा महाकाव्य<br>५.२ महाकाव्यका तत्त्व र प्रकार<br>५.३ नेपाली महाकाव्यको विकास प्रक्रिया<br>५.४ महाकवि लक्ष्मी प्रसाद देवकोटाका महाकाव्यीय प्रवृत्तिहरु<br>५.५ विभिन्न कोणबाट 'शाकुन्तल' महाकाव्यको अध्ययन र विवेचन<br>५.६ 'शाकुन्तल' महाकाव्यका प्रथम र द्वितीय सर्गका विशिष्ट पङ्क्तिहरु |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरुको उपयोग गरिने छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरुलाई बढी महत्त्व दिइने छ । यसै गरी पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

## ५. मूल्याङ्कन प्रक्रिया

प्रस्तुत पाठ्यांश अनुरूपको मूल्याङ्कन प्रक्रिया मूलतः दुई किसिमको हुने छ :

क) **आन्तरिक मूल्याङ्कन** :सिमेस्टर अवधिमा कम्तीमा तिन वटा परीक्षा सञ्चालन गरिने छ र त्यसको अभिलेख राखी अन्तिम मूल्याङ्कनमा जोडिने छ । यसका निम्ति विषयको ४०% अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका निम्ति मूलतः लिखित परीक्षा र अंशतः प्रयोगात्मक परीक्षाको उपयोग गरिने छ । यसका साथै कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यबाट पनि आवश्यकता अनुसार मूल्याङ्कन गरी तत्कालै पृष्ठ पोषण दिने निर्माणात्मक मूल्याङ्कनमा जोड दिइने छ । परियोजनात्मक कार्यमा खास गरी स्थानीय भेकका कवि, काव्यकारहरुका प्रवृत्ति र कविता काव्य कृतिहरुको अध्ययन विश्लेषणलाई प्राथमिकता दिइने छ । जस्तै : लोकेन्द्र बहादुर चन्द, आनन्द देव भट्ट, गोविन्द भट्ट, मनिराम जोशी आदि । तिन पटकका लिखित परीक्षालाई १०% का दरले ३०% र कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यलाई १०% अङ्क प्रदान गरिने छ । लिखित परीक्षामा बहु वैकल्पिक प्रकृतिका वस्तुगत प्रश्न तथा संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ ।

ख) **बाह्य मूल्याङ्कन** :सिमेस्टरको अन्तिममा समग्र पाठ्यांश ढाक्ने गरी अन्तिम परीक्षाका रूपमा ४ घण्टा अवधिको लिखित परीक्षाद्वारा बाह्य मूल्याङ्कन गरिने छ । यसमा बहु वैकल्पिक प्रकृतिका वस्तुगत एवम् संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ । यसका निम्ति विषयको ६० % अङ्कभार निर्धारण गरिएको छ ।

यसरी मूल्याङ्कन प्रक्रियालाई आवधिक र निरन्तर प्रक्रियाका रूपमा उपयोग गरिने छ र अन्तिम मूल्याङ्कनका निम्ति आन्तरिक र बाह्य दुबै मूल्याङ्कनको योग गरी ४५ % अङ्क ल्याएमा उत्तीर्ण घोषित गरिने छ ।

## प्रमुख पाठ्य सामग्री


* काइँला, बैरागी (२०३१), *बैरागी काइँलाका कविताहरु,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* घिमिरे, माधव प्रसाद (२०६०), *चैत-वैशाख,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४६), *नेपाली कविता काव्य भाग-४,* ललित पुर : साझा प्रकाशन (अध्ययन, विश्लेषण सन्दर्भका लागि) ।

* देवकोटा, लक्ष्मी प्रसाद (२०१६), *भिखारी,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* ...................... (२०४४), *नेपाली शाकुन्तल* (महाकाव्य), ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* पौडचाल,लेखनाथ (२०१०), *लालित्य* (भाग-१), ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* बन्धु, चूडामणि (सम्पा.) (२०६७), *साझा कविता,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* भण्डारी, पारस मणि र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली कविता र काव्य,* काठमाडौँ : विदचार्थी पुस्तक भण्डार (अध्ययन, विश्लेषण सन्दर्भका लागि) ।

* मुकारुङ, श्रवण (२०६१), *जीवनको लय,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* शेरचन, भूपी (२०४६), *घुम्ने मेच माथि अन्धो मान्छे,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* श्रेष्ठ, सिद्धि चरण (२०१८), *उर्वशी,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।

* सम, बालकृष्ण (२०५१), *आगो र पानी,* ललित पुर : साझा प्रकाशन (पाठ्य कृतिका लागि) ।


## सन्दर्भ सामग्री


* अवस्थी, महादेव (२०६४),*आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* काठमाडौँ : इन्टेलेक्च्युअल बुक प्यालेस ।

* गैरे, ईश्वरी प्रसाद (२०६०), *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

* गौतम, कृष्ण (२०६०), *देवकोटाका प्रबन्ध काव्य,* काठमाडौँ : विदचार्थी पुस्तक भण्डार ।

* चापागाइँ, नरेन्द्र र सुवेदी, दधिराज (२०५२), *काव्य समालोचना,* विराट नगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

* जोशी, कुमार बहादुर (२०६०), *महाकवि देवकोटा र उनका महाकाव्य,* ललित पुर : साझा प्रकाशन ।

* ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०६३), *नेपाली कविता काव्य,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

* त्रिपाठी, वासुदेव (२०३२), *नेपाली कविताको सिंहावलोकन,* ललित पुर : साझा प्रकाशन ।

* थापा, मोहन हिमांशु (२०५०), *साहित्य परिचय,* ललित पुर : साझा प्रकाशन ।

* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०५५), *नेपाली साहित्य कोश,* काठमाडौँ : ने.रा.प्र.प. ।

* ............................ (सम्पा.) (२०५६), *आधुनिक नेपाली कविता,* ललित पुर : साझा प्रकाशन ।

* पराजुली, ठाकुर प्रसाद (२०४५), *नेपाली साहित्यको परिक्रमा,* काठमाडौँ : नेपाली विदचा प्रकाशन ।

* प्रसाइँ, नरेन्द्र राज (२०५७), *नेपाली साहित्यका समालोचक र समालोचना,* काठमाडौँ : एकता प्रकाशन ।

* बन्धु, चूडामणि (२०६०), *देवकोटा,* ललित पुर : साझा प्रकाशन ।

* भण्डारी, पारस मणि (२०६३), *काव्य विवेचना,* काठमाडौँ : विदचार्थी पुस्तक भण्डार ।

* ...................... (२०६६), *नेपाली कविता काव्य,* काठमाडौँ : विदचार्थी पुस्तक भण्डार ।

* रिसाल, राममणि (२०६०), *नेपाली काव्य र कवि,* ललित पुर : साझा प्रकाशन ।

* लुइँटेल, खगेन्द्र प्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाडौँ : ने.रा.प्र.प. ।

* शर्मा, तारानाथ (२०३९), *नेपाली साहित्यको इतिहास,* काठमाडौँ : सङ्कल्प प्रकाशन ।

* ................ (सम्पा.) (२०४०), *सम सामयिक साझा कविता,* ललित पुर : साझा प्रकाशन ।

* शर्मा, मोहन राज र श्रेष्ठ, दयाराम (२०४६), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* ललित पुर : साझा प्रकाशन ।

* शर्मा, सुकुम (२०६४), *नेपाली भाषा साहित्यमा आन्दोलन,* काठमाडौँ : एकेडमी बुक सेन्टर ।

* श्रेष्ठ, रमेश (२०३५), *नेपाली कविताका प्रवृत्ति,* ललित पुर : साझा प्रकाशन ।

* सुवेदी, अभि (सम्पा.) (२०५५), *समकालीन नेपाली कविता,* काठमाडौँ : ने.रा.प्र.प. ।

सुदूरपश्चिम विश्वविद्यालय

दुई वर्षे एम.एड. कार्यक्रम

नेपाली शिक्षा विशिष्टीकरण

पा.सं. : **Nep.Ed.521** सिमेस्टर : दोस्रो

पाठ्यांश : **सामाजिक र मनोभाषा विज्ञान** पाठघण्टा : ३

## पाठ्यांश परिचय

यो पाठ्यांश स्नातक तह उत्तीर्ण गरेर एम.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यसबाट उनीहरुलाई सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका प्रमुख अवधारणाहरुको सविस्तार जानकारी हुने अपेक्षा राखिएको छ ।

## उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित कुरामा सक्षम हुने छन् :

क) सामाजिक भाषा विज्ञानको परिचय दिन

ख) भाषिक भेदहरुको वर्णन गर्न

ग) भाषा योजनाका अवधारणाको चर्चा गर्न

घ) नेपालका भाषाहरुको समाज भाषिक स्थिति आकलन गर्न

ङ) नेपालको भाषा नीति तथा योजनाको चर्चा गर्न

च) मनोभाषा विज्ञानको परिचय दिन

छ( भाषा प्राप्ति तथा सिकाइका सिद्धान्तको चर्चा गर्न

ज) बालभाषा विकासका चरणहरुको वर्णन गर्न

## एकाइगत पाठ्यवस्तुहरुको विस्तृत विवरण

### खण्ड क : सामाजिक भाषा विज्ञान

| विशिष्ट उद्देश्य | पाठ्य विषय<br>**एकाइ १ : सामाजिक भाषा विज्ञानको परिचय पा. घं.** |
|---|---|
| | १. सामान्य भाषा विज्ञान र सामाजिक भाषा विज्ञान<br>२. भाषिक समुदाय<br>३. भाषा र सामाजिक सम्पर्क<br>४. भाषिक सापेक्षतावाद<br>५. समाजको प्रकृति र भाषामा त्यसको प्रभाव |

| | |
|---|---|
| | ६. भाषिक अवलम्बन, स्वीकरण र अपक्षय |
| | **एकाइ २ : भाषिक भेद**<br>१. भाषिक भेदको पहिचानका आधारहरु<br>२. भाषाको क्षेत्रीय भेदको पहिचान<br>३. भाषाको सामाजिक भेदको पहिचान<br>४. भाषाका अन्य भेद : काल, विषय, प्रसङ्ग, विषय, माध्यम<br>५. भाषाद्वैत<br>६. पिजिन र क्रिओल<br>७. कोड परिवर्तन र कोड मिश्रण |
| | **एकाइ ३ : भाषा योजनाको अवधारणा**<br>१. भाषा योजनाको आवश्यकता<br>२. प्रयोजनका आधारमा भाषाहरु : प्रधान, परिपूरक, सहायक र समतुल्य<br>३. भाषा योजनाका प्रकार : स्तरगत र स्वरूपगत<br>३. भाषा योजनाका प्रमुख पक्ष : छनोट, कोडीकरण, मानकीकरण र प्रयोग विस्तार<br>५. भाषाको आधुनिकीकरणका प्रक्रिया र समस्या |
| | **एकाइ ४ नेपालका भाषाहरुको समाज भाषिक स्थिति**<br>१. नेपालका भाषाहरुको भौगोलिक स्थिति<br>२. नेपालका भाषाहरुको सामाजिक स्थिति<br>३. जन गणना र नेपालका भाषाहरु |
| | **एकाइ ५ : नेपालको भाषा नीति तथा योजना**<br>१. नेपालको भाषा नीति : विगत र वर्तमान<br>२. शिक्षा, सञ्चार र प्रशासनमा भाषा नीति<br>३. नेपालका भाषाहरुको संरक्षण र विकासका प्रयासहरु<br>४. पदावली र यिनको संरचना : शीर्ष र विशेषक |
| | **खण्ड ख : मनोभाषा विज्ञान** |
| | **एकाइ ६ : मनोभाषा विज्ञानको परिचय**<br>१. मनोभाषा विज्ञान र यसको क्षेत्र<br>२. मनोभाषा विज्ञानको विकास क्रम<br>३. भाषा र मस्तिष्कका बिच अन्तरसम्बन्ध<br>४. श्रव्य दृश्यात्मक र उच्चार्य लेख्यात्मक प्रक्रिया<br>५. कोडीकरण र विकोडीकरण प्रक्रिया |
| | **एकाइ ७ : भाषा प्राप्ति र सिकाइ सिद्धान्त**<br>१. भाषा विकासमा चम्स्कीको सिद्धान्त<br>२. भाषा प्राप्ति प्रक्रिया र भाषा प्राप्ति संयन्त्र<br>३. भाषिक सामर्थ्य र सृजनशीलता<br>४. बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>५. आत्मकेन्द्री बोली<br>६. भाषा विकास र संज्ञानात्मक विकास<br>७. चम्स्की र पियाजेका सिद्धान्तको तुलना |

| | |
|---|---|
| | **एकाइ ८ : बालभाषा विकासका चरणहरु**<br>१. बालभाषा विकासका चरण र तिनका विशेषता<br>२. बालभाषामा विभिन्न पक्षको विकास<br>क) ध्वन्यात्मक पक्षको विकास<br>ख) आदानात्मक पक्षको विकास<br>ग) प्रदानात्मक पक्षको विकास<br>घ) शब्दार्थ तथा शब्द भण्डारको विकास<br>ङ) व्याकरणात्मक पक्षको विकास |

**शिक्षणप्रक्रिया**

यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिने छ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरुको उपयोगमा जोड दिइने छ । सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका विविध पक्षको चर्चा गर्दा बोधगम्यताका दृष्टिले विशेषतः नेपाली भाषाका उदाहरणहरुलाई प्राथमिकता दिनु उपयुक्त हुने छ । यस क्रममा उल्लिखित पाठ्यवस्तु अनुरूपका पाठ्य सामग्री र पाठपत्रहरुको पठन र छलफलमा विशेष ध्यान दिनु पर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका उपाय**

१. परियोजना कार्य
२. समस्या समाधान
३. कक्षा प्रस्तुति
४. आन्तरिक र बाह्य परीक्षा
५. कक्षा कार्य र सहभागिता

**प्रमुख पुस्तक**

अधिकारी, हेमाङ्ग राज (२०६७ ), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** काठमाडौँ : रत्न पुस्तक भण्डार
घिमिरे, वासुदेव ( २०६५ ), **समाज भाषा विज्ञान** काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र
राई एस.बी. ( सन् २००५ ), **साइकोलिङ्ग्विस्टिक्स यान्ड सोसियोलिङ्ग्विस्टिक्स** काठमाडौँ : भुँडी पुराण प्रकाशन

**सहायक पुस्तक**

अधिकारी, हेमाङ्ग राज २०६७ **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार
सम्प्रेषण परिवार २०६३ सम्प्रेषण, अङ्क १-६ काठमाडौँ : त्रि. वि. नेपाली शिक्षा विभाग

सुदूरपश्चिम विश्वविद्यालय

दुई वर्षे एम.एड. कार्यक्रम

नेपाली शिक्षा विशिष्टीकरण

पाठ्यांश शीर्षक : **नेपाली नाटक र निबन्ध**

पाठ्यांश सङ्ख्या : **Nep.Ed.522** पाठ्यांश प्रकृति : सैद्धान्तिक

तह : एम.एड. सेमेस्टर : दोस्रो

जम्मा पाठ्य घण्टा :४५ प्रति पाठघन्टी : १ घण्टा

**१. पाठ्यांश परिचय :**

यो पाठ्यांश शिक्षाशास्त्रमा नेपाली विषयमा बी.एड. वा सो सरह उत्तीर्ण गरेका दुइ बर्से एम.एड. कार्यक्रम अन्तर्गत नेपाली शिक्षा विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यस पाठ्यांशमा नेपाली नाटक, एकाङ्की र निबन्धको सैद्धान्तिक अवधारणा,तिनको विकासक्रम, प्रतिनिधि नाटककार,एकाङ्कार तथा निबन्धकारको प्रवृत्तिगत परिचय र तिनका प्रतिनिधिमूलक कृतिहरुको विश्लेषणात्मक अध्ययन समावेश गरिएको छ । यसबाट नेपाली नाटक, एकाङ्की र निबन्धका समसामयिक प्रवृत्ति र प्रयोग  सम्बन्धी ज्ञान र सुझको विकास गर्ने दृष्टिकोण राखिएको छ ।

**२. साधारण उद्देश्य :**

यस पाठ्यांशका अन्त्यमा वि्कार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. नाटक,एकाङ्की र निबन्धको सैद्धान्तिक परिचय र परिभाषा दिन,

२. नाटक, एकाङ्की र निबन्धको विधागत स्वरूप पहिल्याउन

३. नाटक , एकाङ्की र निबन्धको वर्गीकरण गर्न

४. नाटक, एकाङ्की र निबन्धका तत्वहरुको वर्णन गर्न

५. नेपाली नाटक, एकाङ्की र निबन्धको विकासक्रम, मोड र धारागत प्रवृत्तिहरुको जानकारी दिन

६. नेपाली नाटक, एकाङ्की र निबन्धका समसामयिक प्रयोग र प्रवृत्तिहरु पहिल्याउन

७. निर्धारित नाट्य तथा निबन्धगत कृतिहरुको विवेचना गर्न

**३. विशिष्ट उद्देश्य तथा पाठ्य विषय**

| विशिष्ट उद्देश्य | पाठ्य विषय |
|---|---|
| ➢ नाटकको विधागत स्वरूपको परिचय दिन, | **एकाइ एक : नाट्य सिद्धान्त (पाठ्य घन्टी-६)**<br>१.१ नाटकको विधागत एवम् संरचनागत स्वरूप |

| | |
|---|---|
| ➢ पूर्वीय तथा पाश्चात्य नाट्क मान्यताको परिचय दिई दुःखान्त नाट्य चेतनाको जानकारी दिन ,<br>➢ नाटकको परिभाषा र वर्गीकरण गर्न,<br>➢ नाटकका तत्वहरु बताउन<br>➢ रङ्गमञ्च शिल्प, अभिनय र चलचित्र सम्बन्धी मान्यताको चर्चा गर्न, | १.२ पूर्वीय तथा पाश्चात्य नाट्य मान्यता<br>१.३ दुःखान्त नाट्य चेतना<br>१.४ परिभाषा<br>१.५ वर्गीकरण<br>१.६ नाटकका तत्वहरु (कथावस्तु/कथानक, पात्र/चरित्र, संवाद/कथा कथन, द्वन्द्वविधान, भाषाशैली, वातावरण, उद्देश्य, मञ्चनीयता, अभिनय, अङ्क ÷दृश्य योजना)<br>१.७ रङ्मञ्च शिल्प तथा अभिनय सम्बन्धी मान्यता<br>१.८ चलचित्रको सैद्धान्तिक परिचय (परिभाषा, विशेषता र प्रकार) |
| ➢ नेपाली नाटकको विकासक्रमको वर्णन गर्न,<br>➢ नेपाली नाटकका प्रमुख मोड र धारागत प्रवृत्ति बताउन,<br>➢ नेपाली नाटकका उत्तरवर्ती प्रयोग र प्रवृत्तिको चर्चा गर्न,<br>➢ नेपाली नाटकका मोड र धारागत उपलब्धि पहिल्याउन,<br>➢ नेपाली नाटकको समग्र उपलब्धिहरुको मूल्याङ्कन गर्न | **एकाइ दुई : नेपाली नाटकका विकासक्रम, मोड, धारागत प्रवृत्ति, उपलब्धि र मूल्याङ्कन**<br>**(पाठ्य घन्टी-५)**<br>२.१ नेपाली नाटकको विकासक्रम, प्रमुख मोड र धारागत प्रवृत्ति<br>२.२ नेपाली नाटकका मोड र उत्तरवर्ती प्रयोग र प्रवृत्ति (२०३६ पछि)<br>२.३ नेपाली नाटकका मोड र धारागत उपलब्धि<br>२.४ नेपाली नाटकका समग्र उपलब्धिहरुको मूल्याङ्कन |
| ➢ प्रतिनिधि नाटककारको परिचय दिई तिनका प्रवृत्तिगत विशेषता पहिल्याउन<br>➢ निर्धारित नाटककारको योगदानको चर्चा गरी मूल्याङ्कन गर्न,<br>➢ नाट्य तत्वका आधारमा निर्धारित नाट्य कृतिहरुको चर्चा गर्न,<br>➢ पाठ्य नाटकका विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न | **एकाइ तीन : प्रतिनिधि नेपाली नाटककार र तिनका नाटक** (पाठ्यघण्ठी-८)<br>३.१ प्रतिनिधि नाटककारको परिचय र तिनका प्रवृत्तिगत विशेषता<br>३.२ तिनका योगदान र मूल्याङ्कन<br>३.३ नाटकका तत्वहरुका आधारमा निर्धारित नाट्य कृतिहरुको विवेचना<br>३.४ पाठ्य नाटकका विशिष्ट पङ्क्तिहरुको व्याख्या<br>३.५ प्रतिनिधि नाटककार र तिनका नाटक<br>● बालकृष्ण सम : भीमसेनको अन्त्य<br>● विजय मल्ल : जिउँदो लास<br>● शिव अधिकारी : तासको जामा<br>● सरुभक्त : असमय अमौसम |
| ➢ एकाङ्कीको स्वरूपगत पहिचान गरी परिचय र परिभाषा दिन<br>➢ एकाङ्कीको वर्गीकरण गर्न<br>➢ एकाङ्कीका तत्वहरु बताउन<br>➢ एकाङ्की र पूर्णाङ्की नाटकमा भिन्नता देखाउन | **एकाइ चार : एकाङ्की सिद्धान्त** (पाठ्यघण्टी-३)<br>४.१ एकाङ्कीको स्वरूपगत परिचय र परिभाषा<br>४.३ एकाªकीको वर्गीकरण<br>४.४ एकाङ्कीका तत्वहरु (कथावस्तु/कथानक, चरित्र/पात्र, संवाद÷कथोपकथन, भाषाशैली, वातावरण, उद्देश्य, मञ्चनीयता, अभिनय)<br>४.५ एकाङ्की र पूर्णाªकी नाटकमा भिन्नता |
| | **एकाइ पाँच : नेपाली एकाङ्कीको विकासक्रम प्रमुख मोड र धारा, प्रवृत्ति, उपलब्धि र मूल्याङ्कन** (पाठ्यघण्टी-३) |

| | |
|---|---|
| १. नेपाली एकाङ्कीका विकासक्रम, प्रमुख मोड र धारागत प्रवृत्तिको वर्णन गर्न<br>२. आधुनिक नेपाली एकाङ्कीको पूर्ववर्ती र उत्तरवर्ती प्रयोग र प्रवृत्तिको चर्चा गर्न,<br>३. नेपाली एकाङ्कीका समग्र उपलब्धिहरुको मूल्याङ्कन गर्न | ५.१ नेपाली एकाङ्कीका विकासक्रम, प्रमुख मोड र धारागत प्रवृत्ति,<br>५.२ आधुनिक नेपाली एकाङ्कीका पूर्ववर्ती प्रयोग र प्रवृत्ति (२०३६ पछि)<br>५.३ समसामयिक प्रवृत्ति (२०६० यता)<br>५.४ नेपाली एकाङ्कीका समग्र उपलब्धिहरुको मूल्याङ्कन |
| १. प्रतिनिधि एकाङ्कीकारको परिचय दिन र तिनका प्रवृत्तिगत विशेषता बताउन<br>२. निर्धारित एकाङ्कीकारका योगदानको चर्चा गरी मूल्याङ्कन गर्न<br>३. एकाङ्की तत्वका आधारमा निर्धारित कृतिहरुको विवेचना गर्न<br>४. पाठ्य एकाङ्कीका विशिष्ट पङ्क्तिहरुको व्याख्या गर्न | **एकाइ छ : प्रतिनिधि नेपाली एकाङ्कीकार र तिनका एकाङ्की** (पाठ्य घन्टी-१०)<br>६.१ प्रतिनिधि एकाङ्कीकारको परिचय र तिनका प्रवृत्तिगत विशिषता<br>६.२निर्धारित एकाङ्कीकारका योगदान र मूल्याङ्कन<br>६.३ एकाङ्की तत्वका आधारमा सम्बद्ध कृतिहरुको विवेचना<br>६.४ पाठ्य एकाङ्कीका विशिष्ट पङ्क्तिहरुको व्याख्या<br>६.५ प्रतिनिधि एकाङ्कीकार र तिनका एकाङ्की<br>● पुष्कर शमशेर : लक्ष्यहीन<br>● गोपाल प्रसाद रिमालः माया<br>● गोविन्द बहादुर मल्ल गोठाले : आत्मदर्शन<br>● गोपाल पराजुली : आकाश खुल्दै जान्छ<br>● अशेष मल्ल : हामी वसन्त खोजिरहेछौं |
| १.निबन्धको परिचय र परिभाषा दिई त्यसको स्वरूप बताउन<br>२.निबन्धका तत्त्वहरु बताउन<br>३.निबन्धको वर्गीकरण गर्न<br>४.नेपाली निबन्धको विकास प्रकियामा देखिएका प्रमुख चरण र तिनका मुख्य मुख्य प्रवृत्तिको वर्णन गर्न<br>५.नेपाली निबन्धका परवर्ती प्रयोग,प्रवृत्ति र उपलब्धिको मूल्याङ्कन गर्न | **एकाइ सात :निबन्ध सिद्धान्त र नेपाली निबन्धको विकासकम** (**पाठ्य घण्टी•** ४)<br>७.१ निबन्धको परिचय, परिभाषा र विधागत स्वरूप<br>७.२ निबन्धका तत्त्व<br>७.३ निबन्धको वर्गीकरण<br>७.४नेपाली निबन्धको विकासकम, प्रमुख चरण र तिनका प्रवृत्ति<br>७.५नेपाली निबन्धको परवर्ती प्रयोग,प्रवृत्ति र उपलब्धि (२०३६ पछि)को मूल्याङ्कन |

**४. शिक्षण प्रक्रिया :** प्रस्तुत पाठ्यांशको शिक्षणमा आवश्यकता अनुसार आदर्श वाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षा कार्य, समस्या समाधान, खोज आदि विभिन्न प्रक्रिया अवलम्बन गरिने छ। शिक्षणका क्रममा पर्याप्त दृष्टान्त र विद्यार्थी सहभागितामा जोड दिइने छ।

**५. मूल्याङ्कन प्रक्रिया :**

१. कक्षा कार्य र सहभागिता

२. कक्षा प्रस्तुति

३. परियोजना तथा पुस्तकालय कार्य

४. समस्या समाधान

५. आन्तरिक र बाह्य परीक्षा

**पाठ्पुस्तक**


- पराजुली, गोपाल (२०३६), साझा एकाङ्की, ललितपुर : साझा प्रकाशन
- बन्धु, चूडामणि(सम्पा) (२०४०), साझा एकाङ्की, ललितपुर : साझा प्रकाशन।
- सम, बालकृष्ण (    ) भीमसेनको अन्त्य, ललितपुर : साझा प्रकाशन।
- सरुभक्त (२०५४), असमय अमौसम, काठमाडौं : साझा प्रकाशन
- सुवेदी, अभि (२०५८), आरुका फूलका सपना, काठमाडौं : रत्न पुस्तक प्रकाशन।
- सुवेदी, राजेन्द्र (     ), स्नातकेत्तर नेपाली निबन्ध, काठमाडौं : पाठ्य सामग्री केन्द्र।


**सहायक सामग्री**


- उपाध्याय, केशव प्रसाद (२०६७), नेपाली नाटक र नाटककार, ललितपुर : साझा प्रकाशन
- सम्प्रेषण वार्षिक पत्रिका अङ्क १-८काठमाडौंःनेपाली शिक्षा विभाग,कीर्तिपुर
- पोखरेल, रामचन्द्र (२०६२),नेपाली नाटक सिद्धान्त र समीक्षा, काठमाडौंःविद्यार्थी पुस्तक भण्डार।
- पौडेल,राजेन्द्र (       ), केही सञ्चरण : केही विचरण,हिमशिखर प्रकाशन।
- भण्डारी, पारस र अन्य (२०६४), नेपाली गद्य र नाटक, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार
- शर्मा, ताना (       ), सम र समका कृति, ललितपुर : साझा प्रकाशन।
- आचार्य,व्रतराज (      ),आधुनिक नेपाली नाटक, ललितपुरः साझा प्रकाशन।

सुदूरपश्चिम विश्वविद्यालय

दुई वर्षे एम.एड. कार्यक्रम

नेपाली शिक्षा विशिष्टीकरण

Course Title: शिक्षाशास्त्रीय भाषा विज्ञान

Course No. : **Nep.Ed.523** Nature of course: सै.

Level: स्नातकोत्तर Semester: दोस्रो

Total periods: 45 Time per period: 1 Hour

१.पाठ्यांश परिचय

यो पाठ्यांश स्नातक तह पुरा गरेपछि स्नातकोत्तर कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यसबाट उनीहरुलाई भाषा विज्ञानको अनुप्रयोगसँग सम्बन्धित शैक्षणिक पक्षको विशेष जानकारी प्राप्त हुने छ । यसमा व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शैक्षणिक व्याकरण, भाषा पाठ्यक्रमसँग सम्बद्ध पाठ्यवस्तुको छनोट र स्तरण, पाठ्य पुस्तक निर्माण,शिक्षा नीति र भाषाको माध्यम जस्ता शिक्षाशास्त्रीय पाठ्यवस्तुहरु समावेश गरिएका छन्

२.साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित कुरामा सक्षम हुने छन् :

क) शिक्षाशास्त्रीय भाषा विज्ञानको परिचय दिन

ख) व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा, उपयोगिता र प्रक्रियाको चर्चा गर्न

ग) त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा, उपयोगिता र प्रक्रियाको वर्णन गर्न

#) भाषा शिक्षणमा शैक्षणिक व्याकरणको अवधारणा, उपयोगिता र यसको निर्माण प्रक्रिया बताउन

a) भाषा पाठ्यक्रममा पाठ्यवस्तुहरुको छनोट र स्तरण सम्बन्धी अवधारणाको चर्चा गर्न

च) भाषा पाठ्य पुस्तकमा पाठहरुको छनोट, लेखन, प्रस्तुतीकरण तथा सम्पादन प्रक्रियाको चर्चा गर्न

छ) शिक्षा नीति र भाषाको माध्यमका सम्बन्धमा चर्चा गर्न

**३ विशिष्ट उद्देश्य र पाठ्य विषय वस्तुको विवरण**

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|

| | |
|---|---|
| | |
| (क)सामान्य र शिक्षाशास्त्रीय भाषा विज्ञानमा भिन्नता बताउन<br>(ख) शिक्षाशास्त्रीय भाषा विज्ञानको विकास क्रमको वर्णन गर्न<br>(ग) शिक्षाशास्त्रीय भाषा विज्ञानका अध्ययनीय क्षेत्रहरुबारे चर्चा गर्न | **एकाइ १ : शिक्षा शास्त्रीय भाषा विज्ञानको परिचय**<br>**पाघ ५**<br>१. सामान्य भाषा विज्ञान र शिक्षाशास्त्रीय भाषा विज्ञान<br>२. शिक्षाशास्त्रीय भाषा विज्ञानको विकास क्रम<br>३. शिक्षाशास्त्रीय भाषा विज्ञानका अध्ययनीय क्षेत्रहरु |
| (क) व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणाको विकास बताउन<br>(ख) पहिलो भाषा सिकाइबाट दोस्रो भाषा सिकाइमा पर्ने प्रभावबारे चर्चा गर्न<br>(ग) व्यतिरेकी विश्लेषणका तह, प्रक्रिया र पद्धतिको वर्णन गर्न<br>(घ) व्यतिरेकी विश्लेषणको उपयोगिता र सीमा बताउन<br>(ङ) व्यतिरेकी विश्लेषणको अभ्यास गर्न | **एकाइ २ : व्यतिरेकी विश्लेषण पाघ ६**<br>१. व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणाको विकास<br>२. दोस्रो भाषा सिकाइमा पहिलो भाषा सिकाइको प्रभाव<br>३. व्यतिरेकी विश्लेषणको तह, प्रक्रिया र पद्धति<br>४. व्यतिरेकी विश्लेषणको उपयोगिता र सीमा<br>५. व्यतिरेकी विश्लेषणको अभ्यास |

| | |
|---|---|
| (क) भाषा सिकाइमा त्रुटिको उपयोगिता दर्साउन<br><br>(ख) त्रुटिहरुको प्रकृति ठम्याउन र तिनको वर्गीकरण गर्न<br><br>(ग) त्रुटि विश्लेषणको तह, प्रक्रिया र पद्धतिको वर्णन गर्न<br><br>(घ) त्रुटि विश्लेषणको अभ्यास गर्न | **एकाइ ३ : त्रुटि विश्लेषण पाघ ७**<br><br>१. भाषा सिकाइमा त्रुटिको उपयोगिता<br><br>२. त्रुटिहरुको प्रकृति र प्रकार<br><br>३. त्रुटि विश्लेषणको तह, प्रक्रिया र पद्धति<br><br>४. त्रुटि विश्लेषणको अभ्यास |
| (क) शैक्षणिक व्याकरणको सैद्धान्तिक अवधारणा बताउन<br><br>(ख) परम्परागत र वर्णनात्मक व्याकरणका सापेक्षतामा शैक्षणिक व्याकरणको उपयोगिता दर्साउन<br><br>(ग) भाषा सिकाइ सिद्धान्तका परिप्रेक्ष्यमा शैक्षणिक व्याकरणको महत्त्व औँल्याउन<br><br>(घ) कार्यमूलक तथा रचनामुखी व्याकरणको अवधारणामाथि प्रकाश पार्न ।<br><br>(क) भाषा पाठ्यक्रमका विशेषता बताउन<br><br>(ख) भाषा पाठ्यक्रममा पाठ्वस्तुहरुको छनोटका | **एकाइ ४ : शैक्षणिक व्याकरण पाघ ७**<br><br>१. शैक्षणिक व्याकरणको सैद्धान्तिक अवधारणा<br><br>२. परम्परागत व्याकरण, वर्णनात्मक व्याकरण र आधुनिक शैक्षणिक व्याकरण<br><br>३. भाषा सिकाइ सिद्धान्त र शैक्षणिक व्याकरण<br><br>४. कार्यमूलक तथा रचनामुखी व्याकरणको अवधारणा<br><br>**एकाइ ५ : भाषा पाठ्यक्रम निर्माण पाघ ७**<br><br>१. भाषा पाठ्यक्रमका विशेषता<br><br>२. भाषा पाठ्यवस्तुहरुको छनोटको सिद्धान्त<br><br>३. भाषा पाठ्यवस्तुहरुको स्तरणको सिद्धान्त |

| | |
|---|---|
| सिद्धान्तको वर्णन गर्न<br><br>(ग) भाषा पाठ्वस्तुहरुको स्तरणका सिद्धान्तको वर्णन गर्न<br><br>(घ) शब्द भण्डारको छनोटको सिद्धान्त बताउन<br><br>(ङ) भाषा पाठ्यवस्तुहरुको प्रस्तुतीकरणबारे चर्चा गर्न । | ४. शब्द भण्डारको छनोट<br><br>५. भाषा पाठ्यवस्तुहरुको प्रस्तुतीकरण |
| (क) भाषा पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्धको चर्चा गर्न<br><br>(ख) पाठहरुमा विषय वस्तु र विधाको छनोट, लेखन, प्रस्तुतीकरण तथा सम्पादन सिद्धान्तको वर्णन गर्न<br><br>(ग) पाठ्यक्रमका उद्देश्य अनुरूप मूल पाठ र नमुना अभ्यासहरुमा तालमेलको अवधारणा बताउन | **एकाइ ६ : भाषा पाठ्य पुस्तक निर्माण पाघ ७**<br><br>१. भाषा पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध<br><br>२. भाषा पाठ्य पुस्तकमा पाठहरुमा विषय वस्तु र विधाको छनोट, लेखन, प्रस्तुतीकरण तथा सम्पादनको सिद्धान्त<br><br>३. पाठ्यक्रमका उद्देश्य अनुरूप मूल पाठ र नमुना अभ्यासहरुमा तालमेलको अवधारणा |
| (क) शिक्षा नतिमा भाषाको स्थान पहिल्याउन<br><br>(ख)नेपालको शिक्षा नीति र भाषाको विगत र वर्तमान अवस्था पहिल्याउन<br><br>(ग) नेपालको शिक्षामा भाषाको माध्यमका रूपमा नेपाली भाषा, मातृभाषा र अङ्ग्रेजी भाषाको | **एकाइ ७ : शिक्षा नीति र भाषाको माध्यम पाघ ६**<br><br>१.शिक्षा नीतिमा भाषाको स्थान<br><br>२.नेपालको शिक्षा नीति र भाषा : विगत र वर्तमान<br><br>२.नेपालको शिक्षामा भाषाको माध्यमका रूपमा नेपाली भाषा, मातृभाषा र अङ्ग्रेजी भाषाको स्थिति<br><br>३. प्रारम्भिक कक्षामा बहुभाषिक शिक्षा : नीति र व्यवहार |

| | |
|---|---|
| स्थितिको वर्णन गर्न<br><br>(घ) प्रारम्भिक कक्षामा बहुभाषिक शिक्षा सम्बन्धी नीति र व्यवहारको जानकारी दिन | |

**४. शिक्षण प्रक्रिया**

यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिने छ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरुको उपयोगमा र विद्यार्थीहरुको सहभागितामा जोड दिइने छ । शिक्षाशास्त्रीय भाषा विज्ञानका विविध पक्षको जानकारी यसमा अपेक्षित भएकाले सोही अनुरूपका पाठ्य सामग्री र पाठपत्रहरुको पठन र छलफलमा विशेष ध्यान दिनु पर्ने छ ।

**५. मूल्याङ्कन**

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन विद्यार्थीहरुका निम्नानुसारका कार्यबाट सम्पन्न गरिने छः

१. परियोजना कार्य

२. समस्या समाधान

३. कक्षा प्रस्तुति

४. आन्तरिक र बाह्य परीक्षा

५. कक्षा कार्य र सहभागिता

**६.सन्दर्भ सामग्री :**

**प्रमुख पुस्तक**

अधिकारी, हेमाङ्ग राज ( २०६७) **सामाजिक र प्रायोगिक भाषा विज्ञान** (पाचौं सस्करण.) काठमाडौं : रत्न पुस्तक भण्डार

अधिकारी, हेमाङ्ग राज ( २०६७, पाचौं सस्करण) **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

ढुङ्गेल, भोजराज, दुर्गा प्रसाद दाहाल ( २०६२ ), **प्रायोगिक भाषा विज्ञान,** काठमाडौं : एम.के पब्लिसर्स यान्ड डिस्ट्रिब्युटर्स

शिक्षा विभाग (इ.२००९),**नेपालमा बहुभाषिक शिक्षाका नीति तथा रणनीतिहरुको पुनरावलोकन**, भक्तपुर : सानो ठिमी

स्टब्स,माइकेल (१९८६),**एजुकेसनल लिa्ग्विस्टिक्स**, अक्सफोर्ड : बसिल ब्ल्याकबेल

स्पोल्स्की,बी.(१९७८),**एजुकेसनल लिङ्ग्विस्टिक्सः आन इन्ट्रोडक्सन**, रोली, मास

सुदूरपश्चिम विश्वविद्यालय

दुई वर्षे एम.एड. कार्यक्रम

नेपाली शिक्षा विशिष्टीकरण

पाठ्यांश शीर्षक : प्रायोगिक भाषा विज्ञान | पाठ्यांश प्रकृति : सैद्धान्तिक

पाठ्यांश सङ्ख्या : **Nep.Ed.524** | क्रेडिट आवर : ३

तह : स्नातकोत्तर शिक्षा (एम.एड.) | जम्मा पाठघन्टी : ४५

सिमेस्टर : दोस्रो | प्रतिपाठ घन्टी समय : १ घण्टा

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्रमा चार बर्से स्नातक, तिन बर्से स्नातक, एक बर्से स्नातक वा सो सरहको तह उत्तीर्ण गरी दुई बर्से स्नातकोत्तर शिक्षा (एम. एड.) कार्यक्रम अन्तर्गत मुख्य विषय 'नेपाली शिक्षा' मा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यस पाठ्यांशमा प्रायोगिक भाषा विज्ञानको परिचय, शैली विज्ञान, कोश विज्ञान र अनुवाद अध्ययनका विषय वस्तु समावेश गरिएको छ । प्रायोगिक भाषा विज्ञानको सामान्य अवधारणाका साथै शैली वैज्ञानिक साहित्य समीक्षण सम्बन्धी सैद्धान्तिक र प्रायोगिक अवधारणा, कोश र कोश विधान सम्बन्धी सैद्धान्तिक र प्रायोगिक सिप तथा अनुवादका सैद्धान्तिक मान्यता र अनुवाद कला सम्बन्धी प्रायोगिक अभिक्षमता विकास गर्न विद्यार्थीहरुलाई सहयोग पुऱ्याउनु नै यस पाठ्यांशको मुख्य ध्येय रहेको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित उद्देश्य हासिल गर्न सक्षम हुने छन् :

- प्रायोगिक भाषा विज्ञानको परिचयात्मक पृष्ठभूमि, विकास क्रमका प्रमुख मोड, क्षेत्र र उपयोगिताहरु निर्धारण गर्न
- शैली विज्ञानको धारणा, पृष्ठभूमि, विकास प्रक्रिया, विश्लेषण प्रक्रिया, रीतिवाद र वक्रोक्ति वादसितको सम्बन्ध, शैक्षणिक उपयोगिताको व्याख्या र शैली विश्लेषणको अभ्यास गर्न
- कोश विज्ञानको परिचय दिई कोशका प्रकारगत विशेषता, कोश निर्माण योजना, सामग्री सङ्कलन र सम्पादन प्रक्रिया, नेपाली कोश परम्परा र विकासका प्रमुख मोड र प्रवृत्ति, प्रमुख नेपाली कोशका विशेषता, नेपाली भाषाको मानकीकरणमा कोशको भूमिका तथा उपयोगितात्मक दृष्टिले कोश र भाषा शिक्षणको सम्बन्ध देखाउन
- अनुवाद अध्ययनको परिचय दिई अनुवादका प्रयोजन, गुण, प्रकार, प्रक्रिया, विभिन्न विद्वान्हरुका मान्यता, समस्या तथा भाषा शिक्षणसितको सम्बन्ध देखाउन र अनुवादको प्रयोग अभ्यास गर्न

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषय वस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| ▪ प्रायोगिक भाषा विज्ञानको परिचय दिन<br>▪ प्रायोगिक भाषा विज्ञानको पृष्ठभूमि र विकास क्रमका | **एकाइ एक : प्रायोगिक भाषा विज्ञान** (५ घन्टी)<br>१.१ प्रायोगिक भाषा विज्ञानको परिचय<br>१.२ प्रायोगिक भाषा विज्ञानको पृष्ठभूमि र विकास |

| | |
|---|---|
| प्रमुख मोडहरुको वर्णन गर्न<br>▪ प्रायोगिक भाषा विज्ञानको सीमित र व्यापक क्षेत्रको रूपरेखा बताउन<br>▪ प्रायोगिक भाषा विज्ञानका उपयोगिताहरु औँल्याउन । | क्रमका प्रमुख मोडहरु<br>१.३ प्रायोगिक भाषा विज्ञानको क्षेत्र : सीमित र व्यापक<br>१.४ प्रायोगिक भाषा विज्ञानको उपयोगिता |
| ▪ शैली विज्ञानको परिचय दिन<br>▪ सामान्य शैली विज्ञान र साहित्यिक शैली विज्ञानको व्यतिरेक गर्न<br>▪ शैली वैज्ञानिक धारणा अनुरूप साहित्यिक संरचनाको रूपरेखा बताउन<br>▪ शैली विश्लेषणका परम्परागत पूर्वीय र पाश्चात्य पद्धतिहरुको सर्वेक्षण गर्न<br>▪ शैली विज्ञानको विकास प्रक्रिया र शैली विश्लेषणका उत्तरवर्ती प्रवृत्तिहरु उजागर गर्न<br>▪ उदाहरण सहित शैली विश्लेषण प्रक्रियाहरुको व्याख्या गर्न<br>▪ रीतिवाद र वक्रोक्ति वादसँग शैली विज्ञानको सम्बन्ध देखाउन<br>▪ शैली विश्लेषण र भाषा शिक्षणको सम्बन्ध केलाउन<br>▪ निर्धारित सामग्रीको शैली विश्लेषण गर्न । | **एकाइ दुई : शैली विज्ञान** (१० घन्टी)<br>२.१ शैली विज्ञानको परिचय<br>२.२ सामान्य शैली विज्ञान र साहित्यिक शैली विज्ञान<br>२.३ शैली विज्ञान र साहित्यिक संरचना<br>२.४ शैली विश्लेषणका परम्परागत पद्धति : पूर्वीय र पाश्चात्य<br>२.५ शैली विज्ञानको विकास र शैली विश्लेषणको उत्तरवर्ती प्रवृत्ति<br>२.६ शैली विश्लेषण प्रक्रिया : विकल्पन र चयन, अग्रभूमि निर्माण (विचलन, समानान्तरता : वर्णगत, रूपगत, वाक्यगत, अर्थगत) र अन्य विविध<br>२.७ शैली विज्ञान र रीतिवाद तथा वक्रोक्ति वादको सम्बन्ध<br>२.८ शैली विश्लेषण र भाषा शिक्षण<br>२.९ शैली विश्लेषणको प्रयोग अभ्यास |
| ▪ कोश विज्ञानको परिचय दिन<br>▪ कोशका प्रकार र तिनका विशेषताहरु औँल्याउन<br>▪ कोश निर्माण योजना र सामग्री सङ्कलन प्रक्रिया उल्लेख गर्न<br>▪ कोशीय स्वरूपको रूपरेखा बताउन<br>▪ कोश सम्पादन प्रक्रिया र अर्थ निर्देशका प्रमुख विधिहरुको सोदाहरण वर्णन गर्न<br>▪ नेपाली कोश परम्परा र विकासका प्रमुख मोड र प्रवृत्ति, प्रमुख नेपाली कोशका विशेषता तथा नेपाली भाषाको मानकीकरणमा कोशको भूमिका दर्साउन | **एकाइ तिन : कोश विज्ञान** (१७ घन्टी)<br>३.१ कोश विज्ञानको परिचय<br>३.२ कोशका प्रकार र तिनका विशेषता<br>३.३ कोश निर्माण योजना र सामग्री सङ्कलन प्रक्रिया<br>३.४ कोशको स्वरूप : पूर्व भाग, मुख्य भाग र उत्तर भाग<br>३.५ कोश सम्पादन प्रक्रिया<br>३.५.१ प्रविष्टि चयन र उपप्रविष्टि निर्धारण |

| | |
|---|---|
| ▪ भाषा शिक्षणमा कोशीय उपयोगको महत्त्व देखाउन । | ३.५.२ शीर्ष शब्दहरुको प्रस्तुति<br>३.५.३ उच्चारण निर्देश<br>३.५.४ स्रोत निर्देश<br>३.५.५ व्युत्तत्ति/व्युत्पादन निर्देश<br>३.५.६ व्याकरण निर्देश<br>३.५.७ अर्थ निर्देशका प्रमुख विधिहरु<br>३.६ नेपाली कोशको परम्परा र विकास<br>३.६.१ नेपाली कोशको विकासका प्रमुख मोड र प्रवृत्तिहरु<br>३.६.२ व्युत्पत्तिमूलक शब्दकोश (सन् १९३१), नेपाली बगली कोश (१९९८), संक्षिप्त नेपाली कोश (२००७), नेपाली शब्दकोश (२०१९), नेपाली बृहत् शब्दकोश (२०४०) र प्रयोगात्मक नेपाली शब्दकोश (२०७०) का विशेषताहरु<br>३.६.३ नेपाली भाषाको मानकीकरणमा कोशहरुको भूमिका<br>३.७ कोश र भाषा शिक्षण |
| ▪ अनुवाद अध्ययनको परिचय दिन<br>▪ अनुवादका प्रयोजनहरु उल्लेख गर्न<br>▪ अनुवादका वाञ्छनीय गुणहरुको वर्णन गर्न<br>▪ अनुवादका विभिन्न प्रकारहरुको परिचय दिई आदर्श अनुवादका विशेषताहरु औंल्याउन<br>▪ अनुवाद प्रक्रियाहरु सुझाउन<br>▪ क्याटफोर्ड, नाइडा र न्युमार्क र डेरिडाका अनुवाद सम्बन्धी मान्यताहरुको तुलनात्मक विवेचना गर्न<br>▪ अनुवाद समस्याहरुको चिरफार गर्न<br>▪ अनुवाद र भाषा शिक्षणको सम्बन्ध देखाउन<br>▪ अन्य भाषा/भाषिकाका निर्धारित सामग्रीको अनुवाद गर्न । | **एकाइ चार : अनुवाद अध्ययन** (१३ घन्टी)<br>४.१ अनुवाद अध्ययनको परिचय<br>४.२ अनुवादको प्रयोजन<br>४.३ अनुवादका वाञ्छनीय गुणहरु<br>४.५ अनुवादका प्रकार<br>४.५.१ साहित्यिक, वैज्ञानिक र प्राविधिक अनुवाद<br>४.५.२ यान्त्रिक अनुवाद<br>४.५.३ एकोन्मुख र द्वयोन्मुख अनुवाद<br>४.५.४ अन्तर भाषिक र भाषान्तरिक अनुवाद |

| | |
|---|---|
| | ४.५.५ शाब्दिक र मुक्त अनुवाद<br>४.५.६ विषयोन्मुख र संरचनोन्मुख अनुवाद<br>४.५.७ अनुवादको आदर्श स्थिति/आदर्श अनुवाद<br>४.६ अनुवादका प्रक्रियाहरु<br>४.७ क्याटफोर्ड, नाइडा, न्युमार्क र डेरिडाका अनुवाद सम्बन्धी मान्यता<br>४.८ अनुवादका समस्या<br>४.९ अनुवाद र भाषा शिक्षण<br>४.१० अन्य भाषा/भाषिकाबाट नेपाली भाषामा अनुवादको प्रयोग अभ्यास |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरुको उपयोग गरिने छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरुलाई बढी महत्त्व दिइने छ । यसै गरी पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

## ५. मूल्याङ्कन प्रक्रिया

प्रस्तुत पाठ्यांश अनुरूपको मूल्याङ्कन प्रक्रिया मूलतः दुई किसिमको हुने छ :

क) **आन्तरिक मूल्याङ्कन** : lसमेस्टर अवधिमा कम्तीमा तिन वटा परीक्षा सञ्चालन गरिने छ र त्यसको अभिलेख राखी अन्तिम मूल्याङ्कनमा जोडिने छ । यसका निम्ति विषयको ४०% अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका निम्ति मूलतः लिखित परीक्षा र अंशतः प्रयोगात्मक परीक्षाको उपयोग गरिने छ । यसका साथै कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यबाट पनि आवश्यकता अनुसार मूल्याङ्कन गरी तत्कालै पृष्ठ पोषण दिने निर्माणात्मक मूल्याङ्कनमा जोड दिइने छ । तिन पटकका लिखित परीक्षालाई १०% का दरले ३०% र कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यलाई १०% अङ्क प्रदान गरिने छ । लिखित परीक्षामा बहु वैकल्पिक प्रकृतिका वस्तुगत प्रश्न तथा संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ ।

ख) **बाह्य मूल्याङ्कन** : सिमेस्टरको अन्तिममा समग्र पाठ्यांश ढाक्ने गरी अन्तिम परीक्षाका रूपमा ४ घण्टा अवधिको लिखित परीक्षाद्वारा बाह्य मूल्याङ्कन गरिने छ । यसमा बहु वैकल्पिक प्रकृतिका वस्तुगत एवम् संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ । यसका निम्ति विषयको ६०% अङ्कभार निर्धारण गरिएको छ ।

यसरी मूल्याङ्कन प्रक्रियालाई आवधिक र निरन्तर प्रक्रियाका रूपमा उपयोग गरिने छ र अन्तिम मूल्याङ्कनका निम्ति आन्तरिक र बाह्य दुबै मूल्याङ्कनको योग गरी ४५% अङ्क ल्याएमा उत्तीर्ण घोषित गरिने छ ।

## प्रमुख पाठ्य सामग्री


* अधिकारी, हेमाङ्ग राज (२०६७), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार (सबै एकाइका लागि) ।

* नेपाल, घनश्याम (सन् १९९२), *शैली विज्ञान,* गान्तोक : आँकुरा प्रकाशन (एकाइ दुईका लागि) ।

* पौडेल, माधव प्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु,* काठमाडौँ : हेरिटेज पब्लिकेसन एन्ड डिस्ट्रिब्युटर्स (सबै एकाइका लागि) ।

* भट्टराई, गोविन्द राज (२०६४), *अनुवाद अध्ययन परिचय* (अनु. बलराम अधिकारी), काठमाडौँ : रत्न पुस्तक भण्डार (एकाइ चारका लागि) ।

* लम्साल, रामचन्द्र (२०५७), *कोश विज्ञान र नेपाली कोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार (एकाइ तिनका लागि) ।

* शर्मा, मोहन राज (२०४८), *शैली विज्ञान,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (एकाइ दुईका लागि) ।


## सन्दर्भ सामग्री


* अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

* उपाध्याय, केशव प्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त,* ललित पुर : साझा प्रकाशन ।

* एलेन, जे.पी.बी. र कर्डर, एस. पिट (सम्पा.) (सन् १९७३-१९७८), *एडिनवर्ग कोर्स इन एप्लाइड लिङ्ग्विस्टिक्स* (भोलुम १-३), अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

* एल्स, थियोभान र अन्य (सन् १९८३), *एप्लाइड लिङ्ग्विस्टिक्स एन्ड द लर्निङ एन्ड टिचिङ अफ फरेन ल्याङ्ग्वेज,* लन्डन : एडवार्ड आर्नोल्ड ।

* कर्डर, एस. पिट (सन् १९७३), *इन्ट्रोड्युसिङ एप्लाइड लिङ्ग्विस्टिक्स,* लन्डन : पेनगुइन बुक्स ।

* कृष्णस्वामी, एन. र अन्य (सन् १९९२), *मोडर्न एप्लाइड लिङ्ग्विस्टिक्स,* मद्रास : म्याकमिलन इन्डिया लिमिटेड ।

* क्रिस्टल, डेभिड (सन् १९९७), *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स,* युके : ब्ल्याकवेल पब्लिसर्स लि. ।

* जोन्सन, किथ एन्ड जोन्सन, हेलेन (सन् १९९९), *इन्साइक्लोपेडिक डिक्सनरी अफ एप्लाइड लिङ्ग्विस्टिक्स,* युएसए. : ब्ल्याकवेल पब्लिसर्स लि. ।

* ढकाल, शान्ति प्रसाद (२०५८), *प्रायोगिक भाषा विज्ञान,* कठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

* ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०६२), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

* तिवारी, भोलानाथ (सन् १९७६), *अनुवाद विज्ञान,* दिल्ली : शब्दकार प्रकाशन ।

* ..................... (सन् १९८०), “अनुवाद”, *अनुप्रयुक्त भाषा विज्ञान* (पृष्ठ १५४-१६४), दिल्ली : आलेख प्रकाशन ।

* त्रिपाठी, वासुदेव (२०५०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* ललित पुर : साझा प्रकाशन ।

* पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०६७), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

* पौडेल, माधव प्रसाद (२०५६), “पूर्वीय साहित्य शास्त्रमा देखा पर्ने आधुनिक शैली वैज्ञानिक प्रारूपहरु”, *खसानी* ( वर्ष १, अङ्क १ : ९७-१०४), काठमाडौँ : मध्य पश्चिमाञ्चल साहित्य परिषद् ।

* भट्टराई, गोविन्द राज (सन् २०००), *एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

* रिचर्ड्स, ज्याक सी. र अन्य (सन् १९९९), *लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एन्ड एप्लाइड लिङ्ग्विस्टिक्स,* लन्डन : लङम्यान ।

सुदूरपश्चिम विश्वविद्यालय

दुई वर्षे एम.एड. कार्यक्रम

नेपाली शिक्षा विशिष्टीकरण

पाठ्यांश शीर्षक : पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्त — पाठ्यांश प्रकृति : सैद्धान्तिक

पाठ्यांश सङ्ख्या : **Nep.Ed.525** — क्रेडिट आवर : ३

तह : स्नातकोत्तर शिक्षा (एम.एड.) — जम्मा पाठघन्टी : ४५

सिमेस्टर : दोस्रो — प्रतिपाठ घन्टी समय : १ घण्टा

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्रमा चार बर्से स्नातक, तिन बर्से स्नातक, एक बर्से स्नातक वा सो सरह उत्तीर्ण गरी दुई बर्से स्नातकोत्तर शिक्षा (एम. एड.) कार्यक्रम अन्तर्गत मुख्य विषय 'नेपाली शिक्षा' मा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । यस पाठ्यांशमा पूर्वीय साहित्य शास्त्र/समालोचना सिद्धान्तहरुको जानकारीका साथै तदनुरुप कृतिहरुको मूल्याङ्कन गर्न सक्ने क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ, जस अन्तर्गत पूर्वीय साहित्य समालोचनाका प्रमुख तत्त्व, रसवाद, ध्वनिवाद, रीतिवाद, वक्रोक्ति वाद, र अलङ्कार वादलाई समावेश गरिएको छ । त्यसै गरी पाश्चात्य साहित्य समालोचनाका नीतिपरक, समाजपरक, रूपपरक तथा संरचनापरक जस्ता प्रमुख प्रणाली र परिष्कार वाद, नव परिष्कार वाद, स्वच्छन्दता वाद, अतियथार्थ वाद, प्रतीक वाद, अस्तित्व वाद र उत्तर आधुनिकता वाद जस्ता साहित्यिक वादहरुको परिचय सहित तिनका मान्यता र विशेषताहरु पहिल्याउन सक्ने क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ । यसबाट नेपाली भाषा र साहित्य शिक्षणमा साहित्य शास्त्रीय उपयोग सन्दर्भ पहिल्याउन विद्यार्थीहरुलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित उद्देश्य हासिल गर्न सक्षम हुने छन् :

- पूर्वीय दृष्टिले काव्य/साहित्यको परिचय, हेतु, प्रयोजन तथा काव्यमा शब्दशक्तिका प्रकार र तिनका उपयोगिता बताउन
- रसवाद, ध्वनिवाद, रीतिवाद, वक्रोक्ति वाद र अलङ्कार वादको परिचय, उपकरण, भेद र अन्य आवश्यक पक्षहरु खुट्याई तिनको साहित्यिक मूल्याङ्कन गर्न
- पाश्चात्य साहित्य शास्त्रका नीतिपरक, समाजपरक, रूपपरक र संरचनापरक समालोचना प्रणालीहरुको परिचय दिई तिनका प्रमुख मान्यताहरु निर्क्योल गर्न
- पाश्चात्य साहित्य शास्त्रमा प्रचलित परिष्कार वाद, नव परिष्कार वाद, स्वच्छन्दता वाद, अतियथार्थ वाद, प्रतीक वाद, अस्तित्व वाद र उत्तर आधुनिकता वादको परिचय दिई तिनका विशेषताहरु खुट्याउन ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषय वस्तुको विवरण

| खण्ड 'क' पूर्वीय साहित्य सिद्धान्त | |
|---|---|
| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |

| | |
|---|---|
| <br><br><br>▪ काव्य/साहित्यको परिचय दिन<br>▪ काव्य हेतुको वर्णन गर्न<br>▪ काव्यका प्रयोजनहरु उल्लेख गर्न<br>▪ काव्यमा शब्दशक्तिको स्वरूप निर्धारण गर्न<br>▪ काव्यमा शब्दशक्तिको उपयोगिता वर्णन गर्न । | **एकाइ एक : पूर्वीय साहित्य शास्त्रका प्रमुख तत्त्व** (५ घन्टी)<br><br>१.१ काव्य/साहित्यको परिचय<br><br>१.२ काव्य हेतु<br><br>१.३ काव्य प्रयोजन<br><br>१.४ काव्यमा शब्दशक्तिको स्वरूप : अभिधा, लक्षणा र व्यञ्जना<br><br>१.५ काव्यमा शब्दशक्तिको उपयोगिता |
| <br><br><br>▪ रस सामग्री, रसभेद र रससूत्रको व्याख्या सहित रसवादको चिनारी गराई मूल्याङ्कन गर्न<br>▪ ध्वनिवादको परिचय र मूल्याङ्कन सहित अभिव्यक्तिका आधारमा ध्वनिको वर्गीकरण गर्न<br>▪ रीतिवादको परिचय दिई प्रकार विभाजन र मूल्याङ्कन गर्न<br>▪ वक्रोक्ति वादको परिचय सहित प्रकार विभाजन र मूल्याङ्कन गर्न<br>▪ अलङ्कार वादको परिचय दिई उदाहरण सहित अलङ्कारका प्रमुख प्रकारहरु खुट्याउन र मूल्याङ्कन गर्न । | **एकाइ दुई : पूर्वीय साहित्य समालोचनाका प्रमुख वादहरुको परिचय** (१८ घन्टी)<br><br>२.१ रसवाद<br><br>२.१.१ रस सामग्री : विभाव, अनुभाव, सञ्चारी भाव र स्थायी भाव<br><br>२.१.२ रसका भेद : शृङ्गार, हास्य, वीर, करुण, रौद्र, भयानक, बीभत्स, अद्‌भुत र शान्त<br><br>२.१.३ रससूत्रको व्याख्या : उत्पत्ति वाद, अनुमिति वाद, भुक्तिवाद र अभिव्यक्ति वाद<br><br>२.१.४ रसवादको मूल्याङ्कन<br><br>२.२ ध्वनिवाद<br><br>२.२.१ अभिव्यक्तिका आधारमा ध्वनिका प्रकार : वस्तुध्वनि, अलङ्कार ध्वनि र रसध्वनि<br><br>२.२.२ ध्वनिवादको मूल्याङ्कन<br><br>२.३ रीतिवाद<br><br>२.३.१ रीतिका प्रमुख प्रकार : वैदर्भी, गौडी, पाञ्चाली र लाटी<br><br>२.३.२ रीतिवादको मूल्याङ्कन<br><br>२.४ वक्रोक्ति वाद |

| | |
|---|---|
| | २.४.१ वक्रोक्तिका प्रकार : वर्ण विन्यास वक्रता, पद पूर्वार्ध वक्रता, पद परार्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता<br><br>२.४.२ वक्रोक्ति वादको मूल्याङ्कन<br><br>२.५ अलङ्कार वाद<br><br>२.५.१ अलङ्कारका प्रकार : शब्दालङ्कार (अनुप्रास, यमक, श्लेष र वक्रोक्ति), अर्थालङ्कार (उपमा, रूपक, दीपक, दृष्टान्त, उत्प्रेक्षा, अतिशयोक्ति, समासोक्ति, व्याजोक्ति, अनन्वय, तुल्य योगिता, अर्थान्तर न्यास, अपह्नुति, निदर्शना, व्याजस्तुति, विरोधाभास र काव्य-लिङ्ग), उभयालङ्कार (संसृष्टि र सङ्कर)<br><br>२.५.२ अलङ्कार वादको मूल्याङ्कन |
| **खण्ड 'ख' पाश्चात्य साहित्य सिद्धान्त** | |
| ▪ नीतिपरक समालोचना प्रणालीको परिचय दिई यसका प्रमुख मान्यताहरु औंल्याउन<br>▪ समाजपरक समालोचना प्रणालीको परिचय सहित यसका मूल मान्यताहरु खुट्याउन<br>▪ रूपपरक समालोचना प्रणालीको परिचयात्मक विश्लेषण गरी प्रमुख मान्यताहरु उजागर गर्न<br>▪ संरचनापरक समालोचना प्रणालीको परिचयात्मक व्याख्या गरी यसका प्रमुख मान्यताहरु उल्लेख गर्न । | **एकाइ तिन : पाश्चात्य समालोचना प्रणाली**<br>(८ घन्टी)<br><br>३.१ नीतिपरक समालोचना प्रणाली र यसका मान्यता<br><br>३.२ समाजपरक समालोचना प्रणाली र यसका मान्यता<br><br>३.३ रूपपरक समालोचना प्रणाली र यसका मान्यता<br><br>३.४ संरचनापरक समालोचना प्रणाली र यसका मान्यता |
| ▪ परिष्कार वादको परिचय र विशेषता वर्णन गर्न<br>▪ नव परिष्कार वादको परिचय र विशेषता देखाउन<br>▪ स्वच्छन्दता वादको चिनारी गराई यसका विशेषताहरु औंल्याउन<br>▪ अतियथार्थ वादको परिचय र विशेषता खुट्याउन | **एकाइ चार : पाश्चात्य साहित्यका प्रमुख वादहरु** (१४ घन्टी)<br><br>४.१ परिष्कार वाद र यसका विशेषता<br><br>४.२ नव परिष्कार वाद र यसका विशेषता<br><br>४.३ स्वच्छन्दता वाद र यसका विशेषता<br><br>४.४ अतियथार्थ वाद र यसका विशेषता |

| | |
|---|---|
| ▪ प्रतीक वादका धारणा र विशेषता इङगित गर्न<br>▪ अस्तित्ववादी धारणा र विशेषता उजागर गर्न<br>▪ उत्तर आधुनिकतावादी धारणा र विशेषता निर्धारण गर्न । | ४.५ प्रतीक वाद र यसका विशेषता<br>४.६ अस्तित्व वाद र यसका विशेषता<br>४.७ उत्तर आधुनिकता वाद र यसका विशेषता |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरुको उपयोग गरिने छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरुलाई बढी महत्त्व दिइने छ । यसै गरी पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

## ५. मूल्याङ्कन प्रक्रिया

प्रस्तुत पाठ्यांश अनुरूपको मूल्याङ्कन प्रक्रिया मूलतः दुई किसिमको हुने छ :

**क)** **आन्तरिक मूल्याङ्कन** : सिमेस्टर अवधिमा कम्तीमा तिन वटा परीक्षा सञ्चालन गरिने छ र त्यसको अभिलेख राखी अन्तिम मूल्याङ्कनमा जोडिने छ । यसका निम्ति विषयको ४०% अङ्कभार निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कनका निम्ति मूलतः लिखित परीक्षा र अंशतः प्रयोगात्मक परीक्षाको उपयोग गरिने छ । यसका साथै कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यबाट पनि आवश्यकता अनुसार मूल्याङ्कन गरी तत्कालै पृष्ठ पोषण दिने निर्माणात्मक मूल्याङ्कनमा जोड दिइने छ । तिन पटकका लिखित परीक्षालाई १०% का दरले ३०% र कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य तथा परियोजनात्मक कार्यलाई १०% अङ्क प्रदान गरिने छ । लिखित परीक्षामा बहु वैकल्पिक प्रकृतिका वस्तुगत प्रश्न तथा संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ ।

**ख)** **बाह्य मूल्याङ्कन** : सिमेस्टरको अन्तिममा समग्र पाठ्यांश ढाक्ने गरी अन्तिम परीक्षाका रूपमा ४ घण्टा अवधिको लिखित परीक्षाद्वारा बाह्य मूल्याङ्कन गरिने छ । यसमा बहु वैकल्पिक प्रकृतिका वस्तुगत एवम् संक्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रकृतिका विषयगत प्रश्नहरुको उपयोग गरिने छ । यसका निम्ति विषयको ६०% अङ्कभार निर्धारण गरिएको छ ।

यसरी मूल्याङ्कन प्रक्रियालाई आवधिक र निरन्तर प्रक्रियाका रूपमा उपयोग गरिने छ र अन्तिम मूल्याङ्कनका निम्ति आन्तरिक र बाह्य दुबै मूल्याङ्कनको योग गरी ४५% अङ्क ल्याएमा उत्तीर्ण घोषित गरिने छ ।

### प्रमुख पाठ्य सामग्री


* अधिकारी, इन्द्र विलास (२०६१), *पश्चिमी साहित्य सिद्धान्त,* ललित पुर : साझा प्रकाशन (एकाइ तिन र चारका लागि) ।

* अधिकारी, हेमाङ्ग राज (२०५०), *पूर्वीय समालोचना सिद्धान्त,* ललित पुर : साझा प्रकाशन (एकाइ एक र दुईका लागि) ।

* उपाध्याय, केशव प्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त,* ललित पुर : साझा प्रकाशन (एकाइ एक र दुईका लागि) ।

* जोशी, कुमार बहादुर (२०५१), *पाश्चात्य साहित्यका प्रमुख वाद,* ललित पुर : साझा प्रकाशन (एकाइ चारका लागि) ।

* भण्डारी, पारस मणि र पौडेल, माधव प्रसाद (२०६७), *साहित्य शास्त्र र नेपाली समालोचना,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार (सबै एकाइका लागि) ।

**सन्दर्भ सामग्री**


* उपाध्याय, केशव प्रसाद (२०३०), *साहित्य प्रकाश,* ललित पुर : साझा प्रकाशन ।

* तिवारी, सियाराम (सन् १९९१), *साहित्य शास्त्र और काव्यभाषा,* नई दिल्ली : भूमिका प्रकाशन ।

* त्रिपाठी, वासुदेव (२०५०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* ललित पुर : साझा प्रकाशन ।

* थापा, मोहन हिमांशु (२०५०), *साहित्य परिचय,* ललित पुर : साझा प्रकाशन ।

* पौडेल, माधव प्रसाद (२०६७), *साहित्य शास्त्र, नेपाली समालोचना र शोधविधि,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

* मिश्र, भगीरथ (सन् १९९७), *काव्यशास्त्र,* वाराणसी : विश्व विद्यालय प्रकाशन ।

* शर्मा, मोहन राज र लुइँटेल, खगेन्द्रं प्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

* श्रेष्ठ, ईश्वर कुमार (२०५१), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली,* ललित पुर : साझा प्रकाशन ।

* सिग्द्याल, सोमनाथ (२०२८), *साहित्य प्रदीप,* विराट नगर : पुस्तक संसार ।

## सुदूरपश्चिम विश्वविद्यालय

## दुई वर्षे एम.एड. कार्यक्रम

## नेपाली शिक्षा विशिष्टीकरण

तहः स्नातकोत्तर
पाठ्यांश शीर्षकः **भाषिक मूल्याङ्कन** पूर्णांकः१००
पाठ्यांशसंख्याः **Nep.Ed.531** उत्तीर्णांक : ५०

प्रकृति : सैद्धान्तिक के.आ. : ३ (४५ पा.घं)
सिमेस्टरः तेस्रो

### १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायमा दुई बर्से एम.एड. तहमा नेपाली शिक्षा विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । सात एकाइमा विभाजित यस पाठ्यांशमा भाषिक मूल्याङकनका सैद्धान्तिक अवधारणा, विकास, पद्धति, नेपाली भाषिक मूल्याङ्कन परिपाटी, परीक्षणका युक्ति र साधन, परीक्षण योजना, प्रश्न निर्माण-विश्लेषण र परीक्षा कार्यान्वयन जस्ता विविध पक्षहरुको सैद्धान्तिक सुझका साथै प्रायोगिक सक्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ ।

### २. साधारण उद्देश्य

प्रस्तुत पाठ्यांशका उद्देश्यहरु निम्नलिखित रहेका छन् :

- भाषिक मूल्याङ्कनको परिचय दिई यसका मूलभूत पक्षहरुसित परिचित हुन
- भाषिक मूल्याङ्कनको विकासका क्रममा देखा परेका भाषिक मूल्याङ्कन पद्धतिहरु तथा भाषिक मूल्याङ्कनको वर्तमान स्थितिको वर्णन गर्न
- नेपाली भाषा शिक्षणका सन्दर्भमा नेपाली भाषिक मूल्याङ्कन परिपाटीको विवेचना गर्न
- भाषिक मूल्याङ्कनका गुणहरु पहिचान गर्न
- भाषा परीक्षणका प्रचलित युक्ति र साधनहरुको वर्णन गर्न
- भाषा परीक्षण योजना र साधनहरुको निर्माण र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न र सोको अनुसरण गर्न
- भाषिक प्रश्न निर्माण र विश्लेषणका सैद्धान्तिक आधारहरु पहिल्याई विविध उद्देश्यका लागि निर्मित साधन तथा प्रश्नहरुको मानकीकरण गर्न

### ३. विशिष्ट उद्देश्य र पाठचविषय

| विशिष्ट उद्देश्य | पाठचविषय |
|---|---|
| ▪ भाषिक मूल्याङ्कनको परिचय दिई त्यसको प्रयोजन बताउन<br>▪ भाषिक मूल्याङ्कनको प्रकृति पहिचान गर्न<br>▪ भाषिक मूल्याङ्कनका सिद्धान्तहरुको वर्णन गर्न<br>▪ भाषिक मूल्याङ्कन र भाषा परीक्षणको सम्बन्ध देखाउन<br>▪ परीक्षण उद्देश्यका क्षेत्र र भाषा परीक्षणका सीमा | **एकाइ एक : भाषिक मूल्याङ्कनको सैद्धान्तिक अवधारणा**<br>**पाघ ५**<br>१.१ भाषिक मूल्याङ्कनको परिचय र प्रयोजन<br>१.२ भाषिक मूल्याङ्कनको प्रकृति |

| | |
|---|---|
| निर्धारण गर्न | १.३ भाषिक मूल्याङ्कनका सिद्धान्त<br>१.४ भाषिक मूल्याङ्कन र भाषा परीक्षण<br>१.५ परीक्षण उद्देश्यका क्षेत्र र भाषा परीक्षणका सीमा |
| • पृथक् विषयका रूपमा भाषिक मूल्याङ्कनको विकास प्रक्रिया देखाउन<br>• भाषिक मूल्याङ्कनका विविध पद्धतिहरुसित परिचित भई व्यावहारिकताका दृष्टिले तिनको लेखाजोखा गर्न<br>• भाषिक मूल्याङ्कनको वर्तमान स्थिति आकलन गर्न | **एकाइ दुई : भाषिक मूल्याङ्कनको विकास, परीक्षण पद्धति र वर्तमान स्थिति पाघ ८**<br>२.१ पृथक् विषयका रूपमा भाषिक मूल्याङ्कनको विकास<br>२.२ भाषिक मूल्याङ्कनका पद्धतिहरु<br>२.२.१ परम्परावादी पद्धति<br>२.२.२ पृथकीकृत पद्धति<br>२.२.३ एकीकृत पद्धति<br>२.२.४ मनोभाषा वैज्ञानिक पद्धति<br>२.२.५ सामाजिक भाषा वैज्ञानिक पद्धति<br>२.२.६ प्रकार्यात्मक पद्धति<br>२.२.७ सम्प्रेषणात्मक पद्धति<br>२.३ भाषिक मूल्याङ्नको वर्तमान स्थिति |
| • भाषिक मूल्याङ्कनका प्रकृति र प्रवृत्तिका परिप्रेक्ष्यमा भाषिक मूल्याङ्कनका प्रकार बताउन<br>• उल्लिखित प्रकारका मूल्याङ्कनहरुको उपयोग सन्दर्भ पहिल्याउन<br>• विविध प्रकारका भाषिक मूल्याङ्कन अनुसारका परीक्षण ढाँचा निर्माण गर्न | **एकाइ तिन : भाषिक मूल्याङ्कनका प्रकार पाघ ५**<br>३.१ सामयिक र औपचारिक मूल्याङ्कन<br>३.२ विषयगत र वस्तुगत मूल्याङ्कन<br>३.३ सामान्य र प्रयोगात्मक मूल्याङ्कन<br>३.४ निरन्तर र अनौपचारिक मूल्याङ्कन<br>३.५ पृथकीकृत र एकीकृत मूल्याङ्कन<br>३.६ उपलब्धिपरक र दक्षतापरक मूल्याङ्कन<br>३.७ अभिक्षमतापरक र निदानात्मक मूल्याङ्कन |

| | |
|---|---|
| ▪ भाषा परीक्षणका विभिन्न गुणहरुको वर्णन गर्न<br>▪ भाषिक मूल्याङ्कनमा पश्च मार्जन प्रभावको परिचय दिई फाइदाजनक पश्च मार्जन प्रभावका उपायहरु बताउन<br>▪ नेपाली शिक्षणका सन्दर्भमा भाषिक मूल्याङ्कन परिपाटीको विवेचना गर्न | **एकाइ चार : भाषा परीक्षणका गुणहरु, पश्चमार्जन प्रभाव तथा नेपाली शिक्षणमा मूल्याङ्कन परिपाटी पाघ ५**<br>४.१ भाषा परीक्षणका गुण<br>४.१.१ विश्वसनीयता<br>● विश्वसनीयताको महत्त्व<br>● विश्वसनीयता निर्धारण विधिहरु<br>● विश्वसनीयताका असरकारी प्रभावकहरु<br>४.१.२ वैधता<br>● वैधताको महत्त्व<br>● वैधताका प्रकारहरु<br>४.१.३ व्यावहारिकता<br>४.१.४ उपयोगितात्मकता<br>४.१.५ विभेददर्शिता<br>४.२ पश्चमार्जन प्रभाव<br>● पश्च मार्जन प्रभावको परिचय<br>● फाइदाजनक पश्च मार्जन प्रभावका उपायहरु<br>४.३ नेपाली शिक्षणमा भाषिक मूल्याङ्कन परिपाटी |
| ▪ भाषा परीक्षणमा स्तरयुक्त र शिक्षक निर्मित परीक्षाको परिचय दिन<br>▪ भाषा परीक्षणका विविध साधन, सन्दर्भ र स्रोत सामग्रीहरुसित परिचित भई तिनको उपयोगिता पहिल्याउन | **एकाइ पाँच : भाषिक मूल्याङ्कनका युक्ति र साधनहरु**<br>**पाघ ६**<br>५.१ स्तरयुक्त परीक्षा<br>५.२ शिक्षक निर्मित परीक्षा<br>५.३ भाषा परीक्षणका साधन, सन्दर्भ र स्रोत सामग्रीहरु<br>५.३.१ मौखिक परीक्षा<br>५.३.२ लिखित परीक्षा<br>५.३.३ प्रयोगात्मक परीक्षा : श्रवण, कथन/ मौखिक |

| | |
|---|---|
| | अभिव्यक्ति, पठन, लेखन र एकीकृत सिपका प्रयोगपरक सन्दर्भ र स्रोत सामग्रीहरु, पर्यवेक्षणका साधनहरु : जाँचसूची तथा श्रेणी मापक |
| ▪ भाषा परीक्षण योजना तथा विशिष्टीकरण तालिकाको निर्माण प्रक्रिया उल्लेख गर्न<br>▪ परीक्षण साधन र सामग्रीहरुको निर्माण प्रक्रिया बताउन<br>▪ परीक्षण साधन र सामग्रीहरुको परिष्करण प्रक्रिया बताउन<br>▪ परीक्षण प्रशासन र सामग्री सङ्कलन प्रक्रिया उल्लेख गर्न<br>▪ परीक्षण अङ्कन वा मापन विधि र प्रविधिहरुको निर्धारण गर्न<br>▪ अन्तिम मूल्याङ्कन र नतिजा निर्धारण प्रक्रिया वर्णन गर्न<br>▪ मूल्याङ्कनीय सूचनाको शैक्षणिक उपयोगिता दर्साउन<br>▪ भाषिक मूल्याङ्कन र भाषा शिक्षणको सम्बन्ध देखाउन । | **एकाइ छ : भाषिक मूल्याङ्कन योजना,साधनहरुको निर्माण र कार्यान्वयन पाघ ६**<br>६.१ परीक्षण योजना र विशिष्टीकरण तालिकाको निर्माण<br>६.२ परीक्षण साधन तथा सामग्रीहरुको निर्माण<br>६.३ पूर्व परीक्षण तथा विश्लेषण<br>६.४ परीक्षण साधन र सामग्रीहरुको परिमार्जन<br>६.४ परीक्षण कार्यान्वयन र सामग्री सङ्कलन<br>६.५ परीक्षण अङ्कन वा मापन विधि, प्रविधि र तिनको प्रयोग<br>६.६ अन्तिम मूल्याङ्कन र नतिजा निर्धारण<br>६.७ मूल्याङ्कनीय सूचनाको शैक्षणिक उपयोग<br>६.८ भाषिक मूल्याङ्कन र भाषा शिक्षण |
| ▪ भाषिक प्रश्न निर्माण र विश्लेषणको परिचय दिन<br>▪ भाषिक प्रश्नका प्रकार र प्रकृति बताउन<br>▪ परीक्षण आधार र अङ्कन मापन विधिहरुको वर्णन गर्न<br>▪ प्रश्न निर्माणका क्रमबद्ध चरणहरुको परिचय दिन<br>▪ परीक्षण प्रशासन र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न<br>▪ भाषिक प्रश्न उपयुक्तता विश्लेषणका आधारहरु स्पष्ट पार्न<br>▪ कुनै खास कक्षा/तहमा केन्द्रित भएर विशिष्टीकरण तालिकाका आधारमा विविध परीक्षण साधन तथा प्रश्न निर्माण र विश्लेषण गर्न । | **एकाइ सात : भाषिक प्रश्न निर्माण र विश्लेषण पाघ १०**<br>७.१ भाषिक प्रश्न निर्माण र विश्लेषणको परिचय<br>७.२ भाषिक प्रश्नका प्रकार<br>७.२.१ विषयगत : निबन्धात्मक र संक्षिप्त उत्तरात्मक<br>७.२.२ वस्तुगत : बहु वैकल्पिक, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, जोडा मिलाउने<br>७.२.३ क्लोज र सी प्रश्न<br>७.३ परीक्षण आधार र अङ्कन/मापन विधि निर्धारण<br>७.४ प्रश्न निर्माणका चरण : प्रश्न योजना, प्रश्न लेखन, पूर्व परीक्षण, मानकीकरण<br>७.५ परीक्षण प्रशासन र कार्यान्वयन<br>७.६ भाषिक प्रश्न उपयुक्तता विश्लेषणका आधार<br>७.६.१ साङ्ख्यिकीय आधार |

| | |
|---|---|
| | ७.६.२ सैद्धान्तिक आधार<br>• प्रश्नका बाह्य गुण<br>• प्रश्नका आन्तरिक गुण<br>७.७ खास कक्षा/तहमा आधारित भई प्रश्न योजना, परीक्षण साधन, प्रश्न निर्माण र विश्लेषणको अभ्यास |

**४. शिक्षण प्रक्रिया**

क.शिक्षण प्रक्रिया : शिक्षण प्रक्रियाका रूपमा व्याख्यान, छलफल, अभ्यास, निर्देशित अध्ययन, स्वतन्त्र ४. शिक्षण प्रक्रिया

क.शिक्षण प्रक्रिया : शिक्षण प्रक्रियाका रूपमा व्याख्यान, छलफल, अभ्यास, निर्देशित अध्ययन, स्वतन्त्र अध्ययन, परियोजना कार्य, अभ्यासात्मक लेखन आदिलाई उपयोग गरिने छ ।

ख.सिकाइ प्रकिया : व्याख्यान सहभागिता, गृहकार्य, प्रतिवेदन लेखन, अनुसन्धान समीक्षा, वैयक्तिक तथा सामूहिक अध्ययन, सहपाठी छलफल, प्रयोगात्मक अभ्यास आदिमा शिक्षार्थीहरुलाई संलग्न गराइने छ ।

**५. मूल्याङ्कन प्रकिया**

- आन्तरिक ४०%
- बाह्य ६०%

आन्तरिक मूल्याङ्कन कक्षा सहभागिता, गृहकार्य, सामयिक परीक्षा, परियोजना कार्य, सामूहिक कार्य/ परियोजना कार्य जस्ता आधारमा गरिने छ ।

**६. पाठ्य तथा सन्दर्भ पुस्तक**

**नेपाली पाठ्यपुस्तक**

पौडेल, माधव प्रसाद, *भाषिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**सन्दर्भपुस्तक**

अधिकारी, हेमाङ्ग राज, *नेपाली भाषा शिक्षण,* काठमाडौं : विदयार्थी पुस्तक भण्डार ।

ढकाल, शान्ति प्रसाद (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विदयार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, गजेन्द्र मान (२०३४), *परीक्षा र मूल्याङ्कन,* काठमाडौं : त्रि.वि.वि. शिक्षाशास्त्र अध्ययन संस्थान र युनिसेफको संयुक्त प्रायोजन ।

**अङ्ग्रेजी**

Alderson, J.C., Clapham, C. & Wall, D. (1995). *Language test construction and evaluation.* Cambridge*: CUP.*

Allison, D. (1999). *Language testing and evaluation.* Singapore: Singapore University Press.

Bachman, L.F. (1990). *Fundamental considerations in language testing*. Oxford: OUP.

Bachman, L.F. (2004) *Statistical analyses for language assessment*. Cambridge: CUP.

Bachman, L.F. & Palmer, A.S. (1998). *Language testing in practice.* Cambridge: CUP.

Douglas, D. (2010). *Understanding language testing*. London: Hodder Education.

Fulcher G. & Davidson, F. (2007). *Language testing and assessment: an advanced resource book*. London: Rutledge.

Hughes, A. (2003) *Testing for language teachers (2nd edition)*. Cambridge: Cambridge University Press.

Khaniya, T R (2010). *Examination for enhanced learning* (2nd edition). Kathmandu.

**सुदूरपश्चिम विश्वविद्यालय**

**दुई वर्षे एम.एड. कार्यक्रम**

**नेपाली शिक्षा विशिष्टीकरण**

पाठ्यांश शीर्षक : **नेपाली भाषा र साहित्य शिक्षण** पूर्णांक : १००
तह : स्नातकोत्तर उत्तीर्णांक : ५०
पाठ्यांश संख्या : **Nep.Ed.532** क्रे.आ.: ३(४५पा.घं.)
प्रकृति : सैद्धान्तिक सिमेस्टरः तेस्रो

**१. पाठ्यांश परिचय**

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायमा दुई बर्से एम.एड. कार्यक्रम अन्तर्गत सिमेस्टर प्रणालीमा नेपाली शिक्षा विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको हो । आठ एकाइमा वितरित यस पाठ्यांशमा भाषा शिक्षणको अवधारणा र नेपाली शिक्षणका विविध स्वरूप, विविध भाषिक सिप र पक्षहरुको शिक्षण प्रक्रिया, कक्षा व्यवस्थापन र निराकरणात्मक शिक्षण, भाषा शिक्षणका सन्दर्भमा साहित्य शिक्षणको उपयोग, शिक्षण सामग्री तथा भाषा शिक्षणमा अध्यापन योजनाको आवश्यकता र प्रयोजन अनुसार तिनका प्रकारहरुको सैद्धान्तिक र प्रायोगिक सुझ विकास गर्ने दृष्टिकोण राखिएको छ ।

**२. साधारण उद्देश्य**

प्रस्तुत पाठ्यांशको अध्ययन पश्चात् शिक्षार्थीहरु निम्न लिखित कार्य गर्न समर्थ हुने छन् :

- भाषा शिक्षणको अवधारणा स्पष्ट गर्दै नेपाली शिक्षणका विविध स्वरूप, त्यसको शिक्षण परम्परा र वर्तमान स्थितिको जानकारी दिन
- नेपाली भाषाका विविध सिप तथा पक्षहरुको प्रयोजन अनुरूप उपयुक्त प्रक्रिया अवलम्बन गरी शिक्षण गर्न
- नेपाली वाक्य रचना र व्याकरण शिक्षणका विधि तथा प्रक्रियाहरुसित परिचित भई तिनको शिक्षण गर्न
- नेपाली शिक्षणमा उपयुक्त हुने गरी कक्षा व्यवस्था मिलाउन र निराकरणात्मक शिक्षणको आवश्यकता बुझी शिक्षण उपायहरु अवलम्बन गर्न
- नेपाली शिक्षणका सन्दर्भमा साहित्यिक विधा शिक्षणका प्रयोजन र प्रक्रियाहरुको मर्म अनुसार उपयोग गर्न
- नेपाली भाषा शिक्षणका दृष्टिले शिक्षण सामग्री र सहकार्यकलापहरुको पहिचान गरी शिक्षणमा उपयोग गर्न
- नेपाली भाषा शिक्षणका लागि विविध अध्यापन योजनाको आवश्यकता पहिल्याई प्रयोजन अनुरूप तिनको निर्माण र प्रयोग गर्न

**३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय**

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|

| | |
|---|---|
| ▪ भाषा शिक्षणको अवधारणा स्पष्ट गरी त्यसको स्वरूप बताउन<br>▪ पहिलो र दोस्रो भाषा सिकाइका स्वरूप र भिन्नताहरु पहिल्याउन<br>▪ शास्त्रीय भाषा, स्थानीय/ राष्ट्रभाषा र विदेशी भाषाको सापेक्षतामा नेपाली शिक्षणको आवश्यकता दर्साउन<br>▪ पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता र स्वरूप बताउन<br>▪ विदेशी भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता र स्वरूप पहिचान गर्न<br>▪ द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षणको औचित्य, आवश्यकता र शिक्षण प्रक्रिया उल्लेख गर्न<br>▪ नेपाली भाषा शिक्षणको परम्परा पहिचान गरी त्यसको वर्तमान स्थितिको विवेचना गर्न | **एकाइ एक : भाषा शिक्षणका सिद्धान्त र नेपाली शिक्षणका विविध स्वरूप पाघ ५**<br>१.१ भाषा शिक्षणको अवधारणा र स्वरूप<br>१.३ पहिलो र दोस्रो भाषा सिकाइका स्वरूप र भिन्नता<br>१.४ शास्त्रीय भाषा, स्थानीय/राष्ट्रभाषा र विदेशी भाषाका सापेक्षतामा नेपाली शिक्षण<br>१.५ पहिलो र दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता र स्वरूप<br>१.६ विदेशी भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता र स्वरूप<br>१.७ द्विभाषिक र बहुभाषिक परिवेशमा नेपाली शिक्षणको औचित्य, आवश्यकता र शिक्षण प्रक्रिया<br>१.८ नेपाली भाषा शिक्षणको परम्परा र वर्तमान स्थिति |

| | |
|---|---|
| ▪ भाषा शिक्षणलाई सिप तथा कलाका रूपमा चिनाउन<br>▪ श्रवण सिपको परिचय दिई यसका प्रयोजन र प्रकार बताउन<br>▪ श्रवण तथा श्रुतिबोध शिक्षणका कार्यकलापहरुको वर्णन गर्न र तदनुरूप शिक्षण गर्न<br>▪ वक्तृत्व सिप शिक्षणको परिचय दिई त्यसको प्रयोजन बताउन<br>▪ वक्तृत्व सिप तथा उच्चारण शिक्षणका कार्यकलापहरुको वर्णन गर्न र तदनुसार शिक्षण गर्न<br>▪ पठन सिपको परिचय दिई यसका प्रयोजन र प्रकार बताउन र उपयुक्त कार्यकलाप अवलम्बन गरी तिनको शिक्षण गर्न<br>▪ पठनबोध शिक्षणको आवश्यकता दर्साउँदै त्यसका लागि सामग्री छनोट र शिक्षण कार्यकलापबारे जानकारी दिन र सो अनुसार शिक्षण गर्न<br>▪ पठनीयता परीक्षणको परिचय दिई त्यसको प्रक्रिया स्पष्ट पार्न र प्रयोजन अनुरूप उपयोग गर्न<br>▪ लेखन सिप शिक्षणको परिचय दिई यसका प्रयोजन र प्रकार बताउन<br>▪ लेखन सिप शिक्षणका प्रारम्भिक र उत्तरवर्ती कार्यकलापहरुको वर्णन र प्रयोग गर्न<br>▪ वर्ण विन्यास शिक्षणको परिचय दिई त्यसका प्रयोजन, प्रमुख त्रुटिक्षेत्र र शिक्षण कार्यकलापको वर्णन गर्न र सो अनुसार शिक्षण गर्न | **एकाइ दुई : भाषिक सिप शिक्षण पाघ १०**<br>२.१ भाषा शिक्षण : सिप तथा कलाका रूपमा<br>२.२ श्रवण सिप शिक्षण : परिचय, प्रयोजन, प्रकार र श्रवण तथा श्रुतिबोध शिक्षण कार्यकलाप<br>२.३ वक्तृत्व सिप शिक्षण : परिचय, प्रयोजन र वक्तृत्व तथा उच्चारण शिक्षण कार्यकलाप<br>२.४ पठन सिप शिक्षण : परिचय र प्रयोजन तथा पठनका सस्वर, द्रुत र मौन रूप एवम् तिनका शिक्षण कार्यकलाप<br>२.४.१ पठन बोध शिक्षणः आवश्यकता, सामग्री छनोट, बोध प्रश्न र शिक्षण कार्यकलाप<br>२.४.२ पठनीयता परीक्षण : परिचय र प्रक्रिया<br>२.५लेखन सिप शिक्षण : परिचय, प्रयोजन र प्रकार -यान्त्रिक, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक<br>२.५.१ लेखन सिप शिक्षणका प्रारम्भिक कार्यकलाप<br>२.५.२ लेखन सिप शिक्षणका उत्तरवर्ती कार्यकलाप<br>२.६वर्ण विन्यास शिक्षण : परिचय, प्रयोजन, प्रमुख त्रुटिक्षेत्र र शिक्षण कार्यकलाप |
| • शब्द भण्डार शिक्षणको परिचय दिई त्यसको आवश्यकता बताउन<br>• आधारभूत शब्दावली र तिनका विशेषता पहिचान गर्न<br>• शब्दका कोशीय र सन्दर्भपरक अर्थ पहिल्याउन र उपयुक्त विधि अवलम्बन गरी शिक्षण गर्न<br>• शब्द भण्डार विकासका उपायहरुको खोजी गर्न<br>• उखान टुक्काको मर्म पहिचान गरी सो अनुरूप तिनको शिक्षण गर्न<br>• वाक्य रचना शिक्षणको परिचय दिन र प्रयोजन बताउन<br>• नेपाली भाषाका आधारभूत वाक्य ढाँचा पहिचान गर्न<br>• वाक्य रचना शिक्षणका प्रमुख कार्यकलापहरुको वर्णन गर्न र सोअनुसार शिक्षण गर्न | **एकाइ तिन : शब्द भण्डार तथा वाक्य रचना शिक्षण पाघ ५**<br>३.१ शब्द भण्डार शिक्षण<br>▪ परिचय र आवश्यकता<br>▪ आधारभूत शब्दावली र तिनका विशेषता<br>▪ शब्दार्थ : कोशीय र सन्दर्भपरक<br>▪ शब्दार्थ शिक्षणका विधिहरु<br>▪ शब्द भण्डार विकासका उपायहरु<br>३.२ उखान टुक्का र त्यसका शिक्षण कार्यकलापहरु<br>३.३ वाक्य रचना शिक्षण<br>▪ परिचय र प्रयोजन<br>▪ नेपाली भाषाका आधारभूत वाक्य ढाँचा<br>• वाक्य रचना शिक्षणका कार्यकलापहरु |

| | |
|---|---|
| | |
| • विद्यालय तथा महाविद्यालय तहमा व्याकरण शिक्षणको आवश्यकता र औचित्य दर्साउन<br>• नेपाली व्याकरण शिक्षणका समस्या र समाधानका उपाय बताउन<br>• भाषा, व्याकरण र प्रयोगको शुद्धता र उपयुक्तता ठम्याई प्रयोग र प्रयुक्ति बिचको भिन्नता पहिचान गर्न<br>• व्याकरण शिक्षणका निगमन, आगमन, भाषा संसर्ग वा प्रत्यक्ष तथा भाषा पाठ्यपुस्तक विधिहरुको परिचय दिन र तिनको उपयुक्तता र प्रभावकारिता पहिचान गरी सो अनुसार व्याकरण शिक्षण गर्न<br>• व्याकरण शिक्षणमा नवीन प्रक्रिया र पद्धतिको प्रभावकारी प्रयोग गर्न | **एकाइ चार : व्याकरण शिक्षण पाघ ५**<br>४.१ विद्यालय तथा महाविद्यालय तहमा व्याकरण शिक्षणको आवश्यकता र औचित्य<br>४.२ नेपाली व्याकरण शिक्षणका समस्या र समाधानका उपाय<br>४.३ भाषा, व्याकरण र प्रयोग<br>• शुद्धता र उपयुक्तता<br>• भाषा प्रयोग र प्रयुक्ति<br>४.४ व्याकरण शिक्षणका निम्न लिखित विधिहरुको परिचय,उपयुक्तता र प्रभावकारिता :<br>• निगमन विधि<br>• आगमन विधि<br>• भाषा संसर्ग वा प्रत्यक्ष विधि<br>• भाषा पाठ्यपुस्तक विधि<br>४.५ व्याकरण शिक्षणका नवीन प्रक्रिया र पद्धति |
